अब रोएर फिल्म चलाइन्न : पूजा शर्मा | पृष्ठ ४ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ • अंक ७६ • २०८१ साल साउन १९ गते शनिबार (3 August, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## जनकपुर टुडे निरन्तर राष्ट्रिय 'क' वर्गमा

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशको सबै भन्दा पुरानो राष्ट्रिय 'क' वर्गको जनकपुर टुडे दैनिक पत्रिका पुनःराष्ट्रिय 'क ' वर्गमा परेको छ ।

प्रेस काउन्सिल नेपालले शुक्रबार सार्वजनिक गरेको आर्थिक वर्ष २०७८/०७९को नतिजामा जनकपुर टुडे दैनिक पत्रिका राष्ट्रिय ' क' वर्गमा परेको छ।

नेपालमा पत्रपत्रिकाको वर्गीकरण गर्ने एकमात्र निकाय प्रेस काउन्सिल नेपाल रहेको छ। प्रेस काउन्सिल नेपालले मूल्यांकन गरेको राष्ट्रिय 'क' वर्गमा गोरखापत्र, कान्तिपुरलगायतका दैनिक पत्रिकाहरु परेका छन् ।

जनकपुर टुडे प्रारम्भकालदेखि नै राष्ट्रिय 'क' वर्गमा रहँदै आएको छ ।जनकपुर टुडेका अत्यन्त लगनशील र मिहिनेती सञ्चारकर्मीहरुको न्यूजरुम, जिल्लाका क्रियाशील सहकर्मी, दक्ष प्राविधिक, कुशल प्रशासन र लेखा, अनुभवी प्रेसम्यान, कुशल बिक्रेताहरुको साझा प्रयासले जनकपुर टुडे राष्ट्रिय 'क'वर्गमा रहँदै आएको छ।

पाठकहरुको अगाध स्नेह र अटुट विश्वास, विज्ञापनदाताहरुको निरन्तरको सहयोग, शुभेच्छुकहरुको सद्भाव सदैव कायम रहने विश्वास जनकपुर टुडेले लिएको छ।

रजत वर्षमा पुगेको जनकपुर टुडेले आगामी दिनमा पनि स्वतन्त्र, निष्पक्ष र तटस्थताको सिद्धान्तमा कायम रहने प्रतिबद्धता व्यक्त गरेको छ। जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकाले आगामी दिनमा छापामाध्यममा हुने नयाँ प्रयोगहरुलाई आत्मसात गर्दै अगाडि बढ्ने यस खुशीको अवसरमा प्रण गरेको छ।

जनकपुर टुडेलाई यहाँ सम्म पुऱ्याउन अहोरात्र परिश्रम गर्ने सञ्चारकर्मी, प्राविधिक र प्रशासनिक कर्मचारी, पाठक, विज्ञापनदाता, शुभेच्छुकहरुमा जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.ले हार्दिक बधाई ज्ञापन गर्दै आभार प्रकट गर्दछ।

पत्रपत्रिकाको मूल्यांकन गर्ने एकमात्र निकाय प्रेस काउन्सिल नेपाल प्रति हार्दिक आभार प्रकट गर्दै भविष्यमा प्रतिष्पर्धाका लागि मार्ग दर्शन प्राप्त हुने जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.ले विश्वास लिएको छ।

### साधक कामतको पारिश्रमिक विवाद

# मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष कापडिको राजीनामा माग

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रज्ञा प्रतिष्ठानले शास्त्रीय संगीतका साधक गुरुदेव कामतको एकल गायन प्रस्तुति गराइ पारिश्रमिक नदिइ अन्याय गरेकाले विभिन्न संघसंगठन, साहित्यिक अभियन्तादेखि सांगीतिक क्षेत्रका संस्थाहरुले समेत चर्को विरोध गरेका छन् ।

मधेश प्रज्ञा प्रतिष्ठानले वितेको माघ २६ गते शुक्रबारका दिन महेन्द्र नारायण निधि सांस्कृतिक केन्दको सभाहलमा सो कार्यक्रमको आयोजना गरेको थियो । सो कार्यक्रममा साधक कामतले चार घन्टासम्म एकल गायन गरेका थिए ।

एकल गायन सम्पन्न भएपछि साधक कामतले आफ्नो पारिश्रमिकबारेमा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडिसंग अनुरोध गर्दा सरकारी कामकाजमा ढिलाइ हुने भएको बताउँदै पारिश्रमिक नदिइएको भनि सार्वजनिक गरिएको भिडियो अहिले सामाजिक सञ्जाल फेसबुकलगायतमा भाइरल भइरहेको छ ।

अध्यक्ष कापडिले साधक कामतको पारिश्रमिक र उपचार खर्च वापतको सहयोग रकम घोषणा गरे पनि नदिएको भन्दै अहिले सिरहाका पत्रकारहरुसमेतले साधक कामतको निधन भए पछि अध्यक्ष कापडिको राजीनामासंगै प्रतिष्ठानको खारेजको माग सामाजिक सञ्जालमार्फत गरिरहेका छन् ।

सामाजिक सञ्जालमा साधक कामतले प्रतिष्ठानका अध्यक्ष कापडिको नामै लिएर काम गरेको पारिश्रमिक नपाएको गुनासो गर्दै सहयोगस्वरुप पाउनुपर्ने रकम नपाएको भन्दै भाइरल भइरहेको भिडियोमार्फत दुःखेसो पोखेका छन् ।





सामाजिक सञ्जालमा भाइरल भइरहेको भिडियोमा साधक कामतले श्रष्टा तथा सर्जकहरुको आस्थाको केन्द्र हुनुपर्ने प्रतिष्ठानमा काम गरेवापत पाउनुपर्ने रकम आफू जीवन, मृत्युसँग संघर्ष गरिरहेको अवस्थामा सहयोग स्वरुप पनि पाउन नसकेको दुःखेसो व्यक्त गरेका छन् ।

अध्यक्ष कापडिले प्रतिष्ठानको कार्यक्रम गर्दा साधक कामतले कार्यक्रम प्रस्तुत गरेको स्वीकारे पनि आफूले रकमसम्बन्धमा कुनै किसिमको वाचा नगरेको जिकिर गरे । उनले आफूले एक लाख रुपैयाँको दिने कुराकानी नगरेको दाबी गर्दै आएका छन् ।

स्रोतका अनुसार अध्यक्ष कापडिले कार्यक्रमकै नाममा नास्ता र अन्य खर्च वापतको मन्त्रालयबाट लाखौं रकम निकासासमेत गरिसकेका छन् । साधक कामतले अध्यक्ष कापडिले पारिश्रमिक वापतको एक लाख रकम नदिएकाले सो रकम उपलब्ध गराइदिनका लागि सिरहाका प्रदेशसभा सदस्य ललिता दास विद्रोही, मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरी, संगीतकार एवं गायक सुनिल मल्लिक, साहित्यकार श्यामसुन्दर शशिलगायतलाई हारगुहार गरेका थिए ।

प्रदेशसभा सदस्य दासले सो कार्यक्रममा आफू पनि उपस्थित रहेको तर अध्यक्ष कापडिले आफूलाई पनि अपमान गरेको आक्रोश पोख्दै उनले साधक कामतले आफूलाई पारिश्रमिक वापतको रकम मधेश प्रज्ञा प्रतिष्ठानकाबाट उपलब्ध गराइ दिनका लागि आग्रह गरेको बताइन् । उनले अब यो सवाल प्रदेशसभामा उठाउने भन्दै प्रतिष्ठानका अध्यक्ष कापडिले गरेको अपराध अक्षम्य रहेको बताइन् ।

मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले साधक कामतका बारेमा अध्यक्ष कापडिलाई पटक पटक अनुरोध गरे पनि अन्ततः बेवास्ता गर्नु दुःखद रहेको प्रतिक्रिया दिए ।

उनले हामीलाई समेत प्रतिष्ठानबाट आफूले पाउनुपर्ने पारिश्रमिक वापतको रकम मिलाइ दिएमा उपचार खर्चका लागि सहयोग हुने भन्दै आग्रह गरेका थिए । तर यता प्रतिष्ठानका अध्यक्ष कापडिले शुक्रबार एक विज्ञप्ति जारी गर्दै स्व. कामतको मुखबाट केही शब्द बोल्दै गरेको भिडियो क्लीप सामाजिक सञ्जालमा राखिएकोमा प्रतिष्ठानको ध्यानाकर्षण भएको जनाएका छन् ।

साधक कामतले भिडियो क्लीपमा एक लाख रुपैयाँ दिने सहमति भएको भनिए पनि कहाँ, कोसंग र के आधारमा सो रकम दिने भन्ने बारे खुलाइएका छैनन् सो विज्ञप्तिमा भनिएको छ ।

अध्यक्ष कापडिले विज्ञप्तिमा सो कुरा उल्लेख गरे पनि उनले त्यतिबेला कार्यक्रम उद्घाटन कार्यक्रममा कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै साधक कामतको उपचारमा सहयोगका लागि कार्यक्रमको आयोजना गरिएको बताएका थिए ।

साधक कामतको आर्थिक अभावकै कारण काठमाण्डुस्थित अस्पतालमा उपचार गराउन नसकेपछि परिवारजनले उनलाई पैतृक गाउँमै ल्याएर लहानस्थित अस्पतालमा उपचार गराइरहेका थिए । सोही क्रममा उनको निधन भएपछि बिहीबार नै साधक कामतको दाहसंस्कारसमेत गरिएको थियो ।







# लिट्मस केबल्सको "पावर पार्टनर्स मीट २०८१" सफलतापूर्वक सम्पन्न

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली वायर तथा केबल उद्योगमा अग्रणी नाम लिट्मस इन्डिस्ट्रिज लिमिटेडले हालै मात्र आफ्नो दोस्रो पावर पार्टनर्स मिट २०८१ कार्यक्रम काठमाडौंको हायात होटेलमा सम्पन्न गरेको छ । कार्यक्रममा कसरी हासिल गरिरहेको र कायम राखिरहेको छ भन्ने कुरालाई पनि प्रष्ट पारेको थियो ।

सोही कार्यक्रममा कम्पनीले आफ्नो महत्वकाङ्क्षी र रणनैतिक भावी योजना अन्तर्गतको अत्याधुनिक प्रविधि र विशाल उत्पादन क्षमतासहितको परासीमा बन्दै गरेको




देशैभरबाट लिट्मसका डिलर तथा वितरकका साथसाथै एम्इपि, इपिसी तथा कर्पोरेट पार्टनर्सहरु गरि २०० जनाको उपस्थिति रहेको थियो । सो कार्यकममा कम्पनीको तर्फबाट जानकारीमूलक प्रस्तुतिका साथै उपलब्धिमूलक नेटवर्किङ सेसनको पनि आयोजना गरिएको थियो ।

नेपालभरिबाट कार्यक्रममा सहभागी भएका च्यानल पार्टनर हरुको न्यानो आतिथ्यबाट सुरु भएको कार्यक्रममा लिट्मसले आफ्ना महत्वपूर्ण कोशेढुङ्गा, भावी योजना साथै नेपाली बजारकै पहिलो वातावरणमैत्री तार लिट्मसको इकोवायरजेडएच्बारे पनि सहभागीहरुलाई विस्तारमा जानकारी गराएको थियो ।कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक रोहित गुप्ताले कम्पनीको लभभग पाँच दशकको यात्रा र उपलब्धिहरुबारे विस्तृत रुपमा चर्चा गारेका थिए ।

कम्पनीका उपाध्यक्ष साथै नेपाल विद्युतीय उत्पादक संघ (निमा) का सचिव समेत रहनुभएका सरोज मिश्राले लिट्मसको सुरुवात, हालको बजार उपस्थिति र कम्पनीको विकासको प्रचुर सम्भावनाबारे कुराहरु राखेको थियो । मिश्राले कम्पनीलाई नेपाली बजारमा अग्रणी उत्पादकको रुपमा कायम राख्न कम्पनी गुणस्तर, अत्याधुनिक प्रविधि र नवप्रवर्तनप्रति प्रतिबद्ध रहेको कुरामा पनि जोड गरेको थियो ।कार्यक्रमको अवसरमा कम्पनीले आफ्नो सुरक्षा र गुणस्तरप्रतिको लगाव र विश्वासलाई नयाँ उत्पादन युनिट 'लिट्मस २.०' बारे पनि सहभागीलाई जानकारी गराएको थियो । यस नयाँ युनिटले कम्पनीको उत्पादन क्षमता वृद्धि गर्दै र गुणस्तरलाई अझ सुदृढ बनाउँदै बजारको बढ्दो मागलाई सम्बोधन गर्ने र बजारमा कम्पनीको अग्रतालाई अझ बलियो बनाउने कम्पनीको भनाइ छ ।

कम्पनीले सोही आयोजनामा इनामेल, मल्टिस्ट्र्याण्ड, इकोवायर जेडएच् र इमर्जिङ् डिलर गरी चार विधामा सर्वोत्कृष्ट हुन सफल भएका डिलरहरुलाई पुरस्कृत पनि गरेको थियो ।पुरस्कारले कम्पनीको सफलता र सम्बृद्धिमा डिलरहरुको महत्वलाई प्रकाश पार्दै लिट्मसले आफ्ना च्यानल पार्टनर्सहरुसँगको गहिरो सम्बन्धलाई सधैं केन्द्रमा राखेको कुरालाई पनि पुष्टि गरेको थियो । कार्यक्रममा बेजोड नृत्य, आकर्षक उपहारको लागि प्रश्नोत्तर, लाइभ ब्यान्ड लगायतका मनोरञ्जनात्मक कार्यक्रमहरु पनि समावेश गरिएको थियो ।

लिट्मस पावर पार्टनर्स मिट २०८१ को समापन नेटवर्किङ सेसन, सल्लाह सुझाव आदानप्रदान र उद्योगी व्यवसायीहरु बीच आगामी दिनमा सहकार्य गर्ने सदभाव र आकाङ्क्षासहित समापन भयो । लिट्मस इन्डस्ट्रिज र व्यवसायी, च्यानल पार्टनर्स, लगानीकर्ता, बैङ्किङ-इन्स्योरेन्स पार्टनर्स लगायत सम्पूर्ण सरोकारवालाहरु बीचको सम्बन्ध आगामी दिनमा अझै प्रगाढ हुने र सहकार्य मजबुत हुने अपेक्षा राखिएको छ ।

# मेयर साहद्वारा मिठाइ पसल उद्घाटन



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा ग्राहकलाई शुद्ध मिठाइका परिकारहरु पस्कने उद्देश्यले एक मिठाइ पसलको उद्घाटन गरिएको छ ।

यस अघि जनकपुरधाममा दुई वटा संचालनमै रहेको श्रीराम स्वीट्स एण्ड लस्सीको तेस्रो शाखाको उद्घाटन गरिएको छ । सो पसलको उद्घाटन जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहले गरे ।

श्रीराम स्वीट्स एण्ड लस्सीमा दूधका परिकारहरुको साथै मिठाईका विभिन्न परिकार सेवाग्राहीलाई उपलब्ध गराइने संचालक छोटेलाल गुप्ताले जानकारी दिए ।

जनकपुरधाममा मूल्यमा एकरुपता नरहेको समयमा ग्राहकलाई असर नपर्ने गरी उचित मूल्यमा मिठाईका विभिन्न परिकारहरु उपलब्ध गराइने उनले प्रतिवद्धता व्यक्त गरे ।

# वार्षिक लक्ष्य पूरा गर्न अहिलेदेखि काम थाल्न अर्थमन्त्रीको निर्देशन

काठमाण्डु । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले चालू आर्थिक वर्षका लागि अर्थ मन्त्रालयले निर्धारण गरेका लक्ष्यलाई पूरा गर्न अहिलेदेखि जिम्मेवारी बोध गरेर काममा लाग्न निर्देशन दिनुभएको छ ।

अर्थ मन्त्रालयमा शुक्रबार आयोजित गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा अर्थमन्त्री पौडेलले वार्षिक र आवधिक रुपमा निर्धारण गरिएका लक्ष्य पूरा गर्नका लागि आ-आफ्नो जिम्मेवारीअनुसार परिणाम निकाल्न निर्देशन दिनुभएको हो । उहाँले राष्ट्रिय महत्व र गौरवका आयोजना, प्रतिफल दिने आयोजनालाई उच्च प्राथमिकतामा राखेर काम गर्न निर्देशन दिनुभयो । अर्थ मन्त्रालयले आर्थिक वर्ष २०८१/८२ बजेट कार्यान्वयन कार्ययोजना तयार परेको छ ।

अर्थ मन्त्रालयले अघिल्लो आर्थिक वर्षका लागि एक सय ७५ वटा 'माइलस्टोन' निर्धारण गरेको थियो जसमध्ये ५१ वटा सम्पन्न भए भने ९६ वटा जारी अवस्थामा छन् भने २८ वटाको काम सुरु हुन सकेन । बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारी, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी, अर्थ सचिव डा रामप्रसाद घिमिरे, राजस्व सचिव दिनेशकुमार घिमिरे, अर्थ मन्त्रालय अन्तर्गतका निकाय र विभाग प्रमुखले प्रगतिको समीक्षा गर्नुका साथै सुझाव दिनुभएको थियो ।रासस

# वैद्यखानाबाट शिलाजीत पुनःउत्पादन सुरू

काठमाण्डु । सिंहदरबार वैद्यखाना विकास समितिले शिलाजीत उत्पादन पुनः सुरू गरेको छ । लामो समयदेखि उत्पादन बन्द भएको शिलाजीत बिहीबारदेखि बजारमा आएको समितिले शुक्रबार आयोजना गरेको सञ्चारकर्मीसँगको छलफलमा जानकारी गराइएको हो । शिलाजीतको माग बढिरहेकाले पुनःउत्पादन सुरू गरिएको समितिका कार्यकारी निर्देशक डा प्रदीप केसीले जानकारी दिनुभयो ।



विसं २०५१ मा जारी भएको समितिको गठन आदेशअनुसार २०७५ सालसम्म सञ्चालनमा रहेको समिति २०७५ देखि २०७७ सालसम्म समिति गठन आदेशविना सञ्चालन हुँदा समस्या भएको छलफलका क्रममा जानकारी गराइएको थियो । विसं २०७७ सालमा सरकारले अर्को गठन आदेश जारी गरी समस्या समाधानको प्रयास भएसँगै समितिले उत्पादनमूलक काम अगाडि बढाएको डा केसीले बताउनुभयो ।

यसैगरी आयुर्वेदअनुसार दुई सय १० प्रकारका औषधि गाँजाबाट बनाउनुपर्नेमा गाँजा प्रतिबन्ध लागेसँगै समितिको उत्पादनमा पनि समस्या भएको उहाँले उल्लेख गर्नुभयो । "गठन आदेशको समस्या थियो, २०७७ मा अर्को गठन आदेश बनाइएसँगै केही समस्या समाधान भएका छन् ।

समितिको गठन आदेशमा ११ औं तहको कार्यकारी निर्देशकको व्यवस्था भए पनि निजामती किताबखानामा त्यो दर्ता नभएकाले समस्या भएको छ । अब त्यसको समाधानका विषयमा पनि सोच्न आवश्यक छ", कार्यकारी निर्देशक डा केसीले भन्नुभयो,"व्यवस्थापकीय समस्या समाधान भएमा समितिले आफ्ना नियमित कामलाई थप प्रभावकारी ढङ्गले अगाडि बढाउने छ ।"

समितिका पूर्वनिमित्त प्रबन्ध निर्देशक ऋषिराज रेग्मीले गठन आदेश नभएको अवधिमा आएका समस्याले नै समितिमा काम गर्ने वातावरण नभएकाले त्यसको अन्त्य गरिनुपर्नेमा जोड दिनुभयो ।

समितिका लेखा अधिकृत उमानाथ ढकालले समिति आर्थिक सङ्कटमा फसेको जानकारी गराउनुभयो । समितिमा दुई जना निजामती र अरु समितिअन्तर्गतका कर्मचारी रहेका छन् । हाल सुधारका काम सुरू भएको लेखा अधिकृत ढकालले सुनाउनुभयो । उत्पादन अधिकृत विनोद साहले च्यवनप्राश उत्पादन वृद्धिका लागि आवश्यक तयारी भएको जानकारी दिनुभयो । योजना शाखा प्रमुख सतीश पौडेलले निवृत्तिभरणपछिको कोषमा रकम नभएकाले त्यसको सुनिश्चितताका लागि आग्रह गर्नुभयो ।

उत्पादन अधिकृत हरिदेवप्रसाद यादवले आयुर्वेद अनुसन्धान केन्द्रमा बजेट बढेर जाने गरे पनि सिंहदरबार वैद्यखानामा त्यसो हुन नसक्दा समस्या भएको बताउनुभयो । बजेट नभएर उत्पादनमा कमी आएको उहाँको भनाइ थियो ।

गुणस्तर नियन्त्रण अधिकृत गोविन्द ढकालले वैद्यखानाबाट उत्पादित आयुर्वेदका औषधिको गुणस्तर राम्रो हुने भएकाले बजारमा माग भने धेरै हुने गरेको सुनाउनुभयो । हाल देखिएका समस्या समाधानमा सरकारले सहयोग गरे समितिले उत्पादन वृद्धिमा जोड दिने धारणा राख्नुभयो ।रासस

# मेलमिलापमा जोड दिँदै न्यायिक समिति

तुलसीपुर ।दाङ तुलसीपुर उपमहानगरपालिका-११ जसपुर निवासी माया आचार्यले तीन वर्षअघि जग्गा व्यवसायीबाट घर जग्गा किन्नुभयो । तुलसीपुर-१८ बेलझुण्डीमा घरसहित जग्गा किनेकी उनले त्यो घरमा आफू सर्न खोज्दा अवरोध भयो । वास्तविक घरधनीले घर छोड्न मानेनन् । किनकि त्यो घरजग्गा राखेर घरधनीले कुनै व्यक्तिबाट ऋण लिएर 'छिनुवा पास' दिएका थिए ।

छिनुवा पास दिएपछि समयमा ऋण नतिरेको भन्दै जग्गा व्यवसायीले आचार्यलाई बिक्री गरे । त्यही जग्गा आचार्यले किन्न पुग्नुभयो र तीन वर्षपछि आफूले किनेको घरजग्गा उपभोग गर्न खोज्दा अवरोध भएपछि तुलसीपुर उपमहानगरपालिकाको न्यायिक समितिमा जानुभयो । "मैले किनेको घरमा जाँदा पहिले जसले छिनुवा पास दिनुभएको थियो, उहाँले घर नै छोड्नु भएन", उहाँले भन्नुभयो, "त्यसपछि म न्यायिक समितिमा गएँ ।" अघिल्लो वर्षको साउनमा न्यायिक समितिमा गएपछि भने उहाँले न्याय पाउनुभयो । न्यायिक समितिले उहाँलाई घरजग्गा बराबरको मूल्य दिलाएपछि त्यो जग्गा सम्बन्धित घरधनीलाई नै बुझाउनुभयो । त्यसपछि उहाँ खुसी हुनुभयो ।

त्यस्तै, तुलसीपुर-२ तकियापुरका मनोहर न्यौपानेलाई छिमेकीले आफ्नै जग्गामा जाने निकास नै दिएनन् । जग्गाको निकास नभएपछि उनी आफ्नै जग्गामा जानसमेत पाएनन् । त्यसपछि तुलसीपुरको न्यायिक समितिलाई गुहारे र न्याय पाएँ । अहिले दुवैतिरबाट निकास खुलेको छ । "म न्यायिक समितिमा गएँ, त्यहाँबाट नापजाँच गर्ने कर्मचारी पनि खटाइदिनुभयो", उहाँले भन्नुभयो, "त्यसपछि दुवैतिरबाट निकास भयो, अहिले सजिलो भएको छ ।"

उहाँहरु त केही उदाहरण मात्रै हो । तुलसीपुर उपमहानगरपालिकाको न्यायिक समितिले धेरैलाई न्याय दिएको छ । उपमहानगरपालिकाको न्यायिक समितिले कानुनी रटान मात्रै नभई व्यावहारिक पक्षलाई पनि जोड दिएर न्याय दिने गरेको छ । दुवै पक्षलाई न्याय हुने गरी मेलमिलापलाई जोड दिने गरेको छ । आर्थिक वर्ष २०८०/८१ मा एक सय विवादमध्ये ५८ वटा विवादलाई मिलापत्र गरेको छभने ५६ वटा विवादलाई मात्रै इजलासमा पठाएको छ । "हामीले मिलापत्रलाई बढी जोड दिने गरेका छौं", कानुन मामिला शाखा प्रमुख लक्ष्मी रानाले भन्नुभयो, "यदि मिलापत्र हुने अवस्था भएन भने न्यायिक समितिमा पठाउने गरेको छौं, न्यायिक समितिले निर्णय गरेपछि दुवै पक्ष खुसी भएर जानुहुन्छ ।"

अधिकांश मेलमिलाप गर्ने खालका विवादहरु बढी आउने भएकाले पनि सामाजिक सद्भावलाई ख्याल गरी मिलापत्र गर्नेतर्फ जोड दिएको उहाँको भनाइ छ। धेरै विवादहरु व्यावहारिक रुपमा समाधान गर्नुपर्ने अवस्थाका आउने भएकाले पनि त्यसलाई सोहीअनुसार मिलापत्र गराउने गरेको शाखा प्रमुख रानाले बताउनुभयो । न्यायिक समितिमा ठाडो उजुरीका आधारमा पनि छलफल गराई समस्या समाधान गर्ने गरिएको छ । आव २०८०/८१ मा त्यस्ता ५७ वटा निवेदन परेकामा ४१ वटामा छलफल भई समस्या समाधान भइसकेको कानुन मामिला शाखा प्रमुख रानाले बताउनुभयो ।

मेलमिलापका लागि ८५ जना मेलमिलापकर्ता छन् । उहाँहरुलाई प्रत्येक वर्ष तालिम पनि प्रदान गर्ने गरिएको छ । उहाँका अनुसार गत वर्षबाट जिम्मेवारी सरी आएका ८८ उजुरीमध्ये ३१ मिलापत्र भएका छन्भने १७ वटा इजलासले निर्णय गरेर फैसला गरेको छ । गत वर्षबाट जिम्मेवारी सरी आएका ४० उजुरी फछ्र्यौट हुन बाँकी छन् । त्यस्तै, आव २०८०/८१ मा एक सय २३ वटा उजुरी दर्ता भएकामा २७ वटा मिलापत्र भएका छन्भने ३९ वटा इजलासबाट निर्णय भएर फैसला भएका छन् । यस आवमा ५७ वटा उजुरी फैसला हुन बाँकी छन् । अहिलेसम्म अघिल्लो आवबाट सरी आएका समेत गरी ९७ वटा उजुरी फैसला हुन बाँकी छन् ।

मेलमिलाप प्रक्रिया

स्थानीय सरकार सञ्चालन ऐनको दफा ४९ को उपदफा (२), (३), (४) र (५) मा व्यवस्था गरिएको न्याय सम्पादन प्रक्रियाले न्यायिक समितिलाई मेलमिलापबाट विवाद समाधान गर्न प्रेरित गरेको देखिन्छ । दफा ४७ (२) लाई अनिवार्य मेलमिलाप गराउनुपर्ने सूचीअन्तर्गत राखिएको छ । दफा ४७ (१) मा राखिएको सूचीका सम्बन्धमा पनि यदि कुनै विवाद समितिमा पेस हुन आएमा निवेदनको कारबाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गराउन प्रोत्साहित गरी पक्षको सहमतिमा मेलमिलाप गराउनुपर्ने व्यवस्था दफा ४९ को उपदफा (२) मा गरिएको छ ।

मेलमिलापलाई विवाद समाधान गर्ने प्रभावकारी वैकल्पिक उपायहरुमध्ये एक महत्वपूर्ण उपायका रुपमा रहेको शाखा प्रमुख रानाको भनाइ छ । खासगरी, स्थानीय तहमा हुने विवाददेखि पारिवारिक विवाद, घरेलु हिंसासित जोडिएका कतिपय विवादहरुमा मेलमिलाप विधि अपनाई विवाद समाधान गर्ने अभ्यासअनुरुप नै काम गरेको उहाँको भनाइ छ ।

यस विधिमा विवादका पक्षहरुले यसको आधारभूत प्रक्रिया र परिणाममा नियन्त्रण राख्न सक्दछन् भन्ने विश्वास रहने उहाँले बताउनुभयो । यसमा मेलमिलापकर्ताको भूमिका भनेको विवाद समाधानको निमित्त सहजीकरणको कार्य गरिदिनु मात्र रहेको शाखा प्रमुख रानाको भनाइ छ । विवादका पक्षहरु स्वयं सहभागी भई आफ्नो विवाद आफैं समाधान गर्नेतर्फ अग्रसर हुने हुँदा यो विधिलाई समावेशी र सहभागितामूलक विधिको रुपमा समेत लिइन्छ ।

उपमहानगरपालिकामा सबैभन्दा धेरै खानलाउन नपाएका उजुरीहरु आउने गरेका छन् । आव २०८०/८१ मा माना चामल/आमद इज्जतअनुसार खानलाउन नदिएका ७९ वटा उजुरी परेका छन् । धेरैजना खानालाउन नदिएको, जग्गा रोक्का गरिदिनु पर्‍यो भनेर आउने गरेको शाखा प्रमुख रानाले बताइन् ।

तुलसीपुर उपमहानगरपालिकाको न्यायिक समितिमा अहिलेसम्म छ सय ३३ उजुरी परेका छन् । तीमध्ये चार सय सातवटा उजुरीमा मिलापत्र भएको छभने एक सय ३८ वटा इजलासबाट निर्णय भएका छन् । आव २०७४/७५ देखि न्यायिक समिति स्थापना भएर काम सुरु गरेको हो ।रासस

# हैजा संक्रमणबाट बच्नको लागि केन्ट आरओको शुद्ध पानी र सरसफाई

**टुडे समाचारदाता**

काठमाण्डु । स्वास्थ्य सेवा विभागअन्तर्गतकोईपिडिमियोलोजीतथा रोग नियन्त्रण महाशाखा ईडीसीडीले देशभर हालसम्म २० जना विरामीमा हैजा संक्रमण पुष्टि भएको जनाएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले काठमाडौं, ललितपुर र कैलालीमा गरी २० जनामा हैजा पुष्टि भएको जानकारी दिएका छन्।

हैजा 'भिब्रियो कोलेरी' प्रजातिको जीवाणुबाट मानिसमा लाग्ने अति संक्रामक झाडापखालासम्बन्धी रोग हो । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका संक्रामक रोग विशेषज्ञ डा शेरबहादुर पुनले हैजाका जीवाणु सङ्क्रमित खाना वा पानीको सेवनका कारण लाग्ने गर्दछ साथै सरसफाइ तथा स्वच्छ खानेपानीको




कमीले यो रोग फैलिने सम्भावना रहन्छ भन्ने जानकारी दिएका छन् ।

मानिसहरूलाई पानीजन्य रोगहरूबाट जोगाउन हैजाको रोकथाम आवश्यक छ। विगतमा हैजाको प्रकोपले लाखौं मानिसहरूलाई असर गरेको छ। डब्लु एच ओ ले हैजाको प्रकोप रोक्न पर्याप्त सरसफाइ, सुरक्षित पिउने पानीको पहुँच, स्वच्छता प्रवर्द्धन र सामाजिक परिचालन, र हैजा खोपहरूमा जोड दिन्छ। हैजाबाट बच्न व्यक्तिगत सरसफाइ र सम्बन्धित निकायको व्यवस्थापकीय भूमिका महत्वपूर्ण हुन्छ। हैजाको सम्बन्ध सरसफाइबाहेक खानेपानीको आपूर्तिसँग पनि जोडिएको छ । इनारकोपानीमादिसामादेखिनेजीवाणु भेटिएको हो । ढलबाट मिसिएको हुनसक्छ । शौचालयको अवस्था र फोहोरको व्यवस्थापन कस्तो छ त्यसले पनि भर पर्छ । हैजा फैलिन नदिन यी सबैमा ध्यान दिनु जरुरी छ।

हैजाको जोखिम कारकहरूमा अशुद्ध पिउने पानी, कम सरसफाइ र असुरक्षित खाना समावेश छ। हैजा संक्रमित पानीले यो संक्रमण निम्त्याउन सक्छ, जसले यसलाई पिउने सबैलाई बिरामी पर्न सक्छ। अति सङ्क्रामक र शीघ्र फैलिने झाडापखाला भएकाले हैजाको मुख्य लक्षण चौलानी पानी जस्तो दिशा आउने, वाकवाकी लाग्ने, वान्ता हुने र कडा जलवियोजन हुने गर्दछ। सङ्क्रमणले गम्भीर अवस्थामा पुर्‍याउँदा आँखा गाडिने, मुख, जिब्रो र घाँटी सुक्खा हुने, पिसाबको रङ्ग पहेंलो हुने, रक्तचाप कम हुने, मुटुको धड्कन अनियन्त्रित हुने र बेहोस हुनसक्ने मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले बताए । 'हैजाका विरामीलाई तुरुन्तै अस्पताल नपुर्‍याए ५० प्रतिशतको मृत्यु हुने सम्भावना हुन्छ । हैजा सङ्क्रमितमध्ये ८० प्रतिशतमा कुनै लक्षण विकसित हुँदैन तर उनीहरूको दिशामा पहिलादेखि १० दिनसम्म भिब्रियो कोलेरा ब्याक्टेरिया रहन सक्छ र लक्षण देखिएकामा पनि ८० प्रतिशतलाई मन्ददेखि मध्यमस्तरको लक्षण देखिन्छ । २० प्रतिशतलाई चौलानी जस्तै दिशा हुने र पानीको अभावजस्ता तीव्र लक्षण देखिन्छन्', डा बुढाथोकीले भने ।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : प्रतिभा सम्पन्नता । |
| मिथुन | : शिक्षामा उन्नति । |
| कर्कट | : पारिवाहिक सुख । |
| सिंह | : धन वृद्धि सञ्चय । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : सुख समृद्धि हुने । |
| बृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सर्लाहीको बागमती नगरपालिका-१२ स्थित बागमती नदी किनारमा शुक्रबार जल उठाउन आएका बोलबम यात्रीहरू। यहाँबाट उठाएको पवित्र जल सोमबार सम्म पैदल यात्रा गरी नेपाल तथा भारतको विभिन्न शिवालय सम्म पुऱ्याएर चडाउने गरिन्छ। *तस्बिर : रासस*

# भारतीय संसदमा सपा अध्यक्ष अखिलेशद्वारा अयोध्यादेखि जनकपुरधाम सम्म एक्सप्रेस वे बनाउन माग

जनकपुरधाम । भारतका समाजवादी पार्टीका अध्यक्ष तथा लोक सभा सदस्य अखिलेश यादवले भागवान रामको जन्मभुमि अयोध्यादेखि माता जानकीको जन्मभुमि जनकपुरधाम सम्म एक्सप्रेस वे(फास्ट ट्र्याक)को बनाउन माग गरेका छन् ।



'मंगलवार भारतीय संसदमा सम्बोधन गर्दै अध्यक्ष यादवले यस्तो माग गरेका हुन् । उनले भने,' प्रधानमन्त्री नरेन्द्र मोदी केहि वर्ष अघि जनकपुरधामको भ्रमणको क्रममा हरियो झण्डा देखाएर अयोध्या -जनकपुरधाम मैत्रि बस सेवाको उद्घाटन गरेका थिएँ । जनकपुरधामबाट ३५ जना बसमा अयोध्या पनि आएका थिएँ । तर म त्यतिवेला नै जनकपुरधामदेखि अयोध्या सम्म एक्सप्रेस वे बनाउनुपर्छ भनेर माग गरेको थिएँ ।'

'अयोध्यादेखि जनकपुरधाम सम्मको बाटो सहज छैन, ट्राफिक चापको कारण यात्रुहरुलाई सास्ती झेल्नुपर्ने वाध्यता हुन्छ,अध्यक्ष यादवले अगाडी भने,'दुवै धार्मिक स्थल हो । एक्सप्रेस वे निर्माण भएको खण्डमा दुवै देशका नागरिकलाई यात्रा गर्न सहजता प्रदान हुन्छ ।'

भारतको उत्तर प्रदेशको कन्नौजबाट भारतीय लोकसभा सदस्यमा निर्वाचित अध्यक्ष यादवले लोकसभामा अयोध्यादेखि जनकपुरधाम सम्म एक्सप्रेस वेको माग गरिरहदाँ सांसदहरुले टेबुल ठोकेर समर्थन जनाएका थिए ।

२८ बैशाख २०७५ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले जनकपुरधामको भ्रमण गरेका थिए । भ्रमणका क्रममा नेपालका तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री मोदीले संयुक्त रुपमा हरियो झण्डा देखाएर जनकपुरधाम- अयोध्या मैत्रि बस सेवाको उद्टान गरेका थिए ।

उक्त बस सेवा केहि महिना संचालन पनि भयो । तर बाटो व्यस्त रहने गरेकाले बढी समय लाग्ने तथा भारतीय सडकमा ठाउँठाउँमा लाग्ने टोल शुल्कको कारण अहिले उक्त बस सेवा बन्द रहेको जनकपुर बस व्यवसायि संघले जनाएको छ । जनकपुरधामदेखि अयोध्या सम्म फास्ट ट्र्याक बनेको खण्डमा जनकपुरधाम-अयोध्यामा धार्मिक पर्यटकहरुको चाप बढ्ने सक्ने स्थानीयको भनाई छ ।

# काारागारभित्रको झगडा प्रकरण : घटना दोहोरिन नदिन सात कैदीबन्दीलाई अन्यत्र सारियो

काठमाण्डु । कैदीबन्दीबीच कारागारभित्रै झगडा भएपछि घटना पुनः दोहोरिन नदिनका लागि जिल्ला कारागार खोटाङमा रहेका सात जना कैदीबन्दीलाई अन्यत्र पठाइएको छ। विभिन्न मुद्दामा कैद भुक्तान गरिरहेका कैदीबन्दीबीच समूह बनाएर झगडा गरेपछि चार जनालाई रौतहट र तीन जनालाई पर्सा कारागार पठाइएको हो ।



लागुऔषध मुद्दामा कैद भुक्तान गरिरहेका कर्मा शेर्पा, ठगी मुद्दाका सन्तोष परियार, रेडपान्डाको छाला ओसारपसार मुद्दाका निश्चल श्रेष्ठ र बाल यौन दुराचार मुद्दाका उत्तम भनिने दर्शन राईलाई रौतहट तथा ठगी मुद्दाका (थुनुवा) प्रेम पुरी, जबरजस्ती करणी मुद्दाका इन्द्र पौडेल र डाँका मुद्दाका सुवास विश्वकर्मालाई आज पर्सा कारागार पठाइएको जेलर सोमप्रसाद आचार्यले जानकारी दिनुभयो । "गलत नियतका साथ कैदीबन्दीहरूबीच समूह बनाएरै झगडा भएको रहेछ । उनीहरू सबैलाई एकैठाउँमा राख्दा ज्यान मर्नेसम्मको खतरा भएको थियो", उहाँले भन्नुभयो, "झगडा साम्य पार्न एउटा समूहलाई घटनाका योजनाकारसहित सात जनालाई एक/एक जना प्रहरीसहित दुई वटा सुमो गाडी रिजर्भ गरेर रौतहट र पर्सा कारागार पठाइएको छ ।"

साउन-१६ गते बेलुका ५:३० बजे भएको झगडामा ज्यान मुद्दामा कैद भुक्तान गरिरहेका रोहिनीबहादुर कार्की घाइते भएका छन् । सुवास विश्वकर्मा र सन्तोष परियारले प्रहार गरेको बेल्चाले लागेर घाइते बनेका कार्कीको देब्रे हात भाँचिएको छ । घाइते कार्कीलाई सोही राति जिल्ला अस्पताल दिक्तेलमा भर्ना गरिएको थियो । कार्कीको हातमा प्लाष्टर गरिएको छ । उपचारपछि डिस्चार्ज भएका उनको अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ ।

झगडामा सहभागी सन्तोष र सुवासको टाउकोमा पनि समान्य चोट लागेको समाचार स्रोतले जनाएको छ। कारागारमा खटिएका प्रहरीको सहयोगमा झगडालाई केही छिनमै साम्य पारिएको कारागार शाखाले जनाएको छ । घटना दोहोरिन सक्ने सम्भावनालाई विचार गर्दै सन्तोष र सुवासलाई जिल्ला प्रहरी कार्यालयको नियन्त्रणमा राखिएको थियो। कैदीबन्दीबीचमा झगडा भएको जानकारी पाए लगत्तै प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्की र जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक पुरुषोत्तम खड्का कारागार पुग्नुभएको थियो ।

सन्तोष र सुवासलाई पाँच महिनाअघि मात्रै झापा र झुम्काबाट खोटाङ कारागार सारिएको थियो। उनीहरू दुवै जना कर्मा शेर्पाको समर्थनमा झगडामा सामेल भएको खुलेको जेलर आचार्यले बताउनुभयो। चौकीदार छनोटमा असन्तुष्टि जनाउँदै कर्मा शेर्पाको समूहले जेलर तथा कर्मचारीमाथि आक्रमण गर्ने योजना बनाएपछि झगडा भएको खुलेको जेलर आचार्यको भनाइ छ । कारागारभित्र प्रयोग हुने औजारको सुरक्षा गर्दै आएका नाइके रोहिनीबहादुर कार्कीलाई नियन्त्रणमा लिएर जेलर तथा कर्मचारीमाथि आक्रमण गर्ने योजनामा प्रतिरक्षा गर्दा झगडा भएको जनाइएको छ ।

कारागार शाखाले केही दिनअघि जबरजस्ती करणी मुद्दाका कैदीबन्दी देउकुमार राईलाई चौकीदार छनोट गरेको थियो । समाचार स्रोतका अनुसार देउकुमारको ठाउँमा पाँच महिनाअघि मात्र कैलाली कारागारबाट खोटाङ ल्याइएका कर्मा शेर्पाले आफू चौकीदार हुनुपर्ने दाबीसहित समूह बनाएर आक्रमणको प्रयास गरेको हो । यद्यपि, चौकीदार हुन कारागारभित्रकै कैदीबन्दीले गठन गरेको आन्तरिक समितिबाट सर्वसम्मत सिफारिस भएका कैदीबन्दी हुनुपर्ने कानुनी प्रावधान छ । सोही आन्तरिक समितिले सिफारिस गरेका कैदीबन्दीलाई जिल्ला सुरक्षा समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बस्ने बैठकले चौकीदार छनोट गर्ने प्रचलन रहेको जेलर आचार्यले जानकारी दिनुभयो ।

जेलर आचार्यका अनुसार चौकीदार हुन एक वर्ष सोही कारागारमा बसेको, राजस्व हिनामिना नगरेको तथा सबै कैदीबन्दीको मान्य व्यक्ति हुनुपर्दछ । कर्मा शेर्पा पाँच महिनाअघि मात्र कैलालीबाट जिल्ला कारागार ल्याइएकाले छनोट नगरिएको जेलर आचार्यले जानकारी दिनुभयो । महिला ३३ जना र पुरुष ६६ जना गरी ९९ जना कैदीबन्दी अटाउने क्षमताका जिल्ला कारागार खोटाङका हाल एक सय ४७ जना कैदीबन्दी रहेका छन् । विसं २०३१ मा स्थापना भएको जिल्ला कारागारको भवन ठेकेदारको लापरबाहीले निर्माण भएकै समयदेखि जीर्णावस्थामा सञ्चालन हुँदै आएको छ ।रासस

# मुलुक र जनताप्रति जिम्मेवार भएर काम गर्नुपर्छः मन्त्री खड्का

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले मुलुक र जनताप्रति जिम्मेवार भएर काम गर्नुपर्ने बताउनुभएको छ ।



नवनियुक्त ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर खड्काको स्वागतमा शुक्रबार मन्त्रालयमा आयोजित कार्यक्रममा मन्त्री खड्काले सरकार सञ्चालनको दायित्वसँगै जनतालाई अनुभूत हुनेगरी काम गर्नुपर्ने बताउनुभयो ।

"मुलुकको आर्थिक विकास ऊर्जा र सिँचाइ क्षेत्रबाट सम्भव छ, त्यसको विकासका लागि सबै मिलेर अगाडि बढ्नुपर्छ," उहाँले भन्नुभयो ।

जिम्मेवारी हेरफेर हुँदैमा कर्मचारीले कुनै चिन्ता लिनुपर्ने कारण नभएको उहाँको भनाइ थियो ।ऊर्जामन्त्री खड्काले दुई ठूला राजनीतिक दल मिलेर स्थायी सरकार बनेकाले अव जनताले परिवर्तन भएको अनुभूती लिनेगरी काम गर्नुपर्ने उल्लेख गर्नुभयो । उहाँले मुलुकको आवश्यकतालाई विश्लेषण गरेर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

नवनियुक्त ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङले ऊर्जा र सिँचाइ क्षेत्रको विकासका लागि योजना बनाएर अगाडि बढ्नुपर्ने बताउनुभयो । उहाँले वर्षायाम सुरु भएकाले देशैभर बाढी र पहिरो जाने भएकाले त्यसको अध्ययन आवश्यक रहेको उल्लेख गर्नुभयो ।"हामी मुलुक कसरी बनाउन सकिन्छ, त्यसतर्फ लागौँ, ऊर्जा र सिँचाइ क्षेत्रको विकास नै हाम्रो मुख्य प्राथमिकता हो," उहाँले भन्नुभयो । जनतालाई बचाउन सकेमात्र देश बच्ने उहाँको भनाइ थियो ।मन्त्रालयका सचिवद्वय गोपालप्रसाद सिग्देल र सरिता दवाडीले मुलुकलाई समृद्ध हासिल गर्ने क्षेत्र ऊर्जा र सिँचाइ भएकाले यसको विकासमा लाग्नुपर्नेमा जोड दिनुभयो ।रासस

# लक्ष्यभन्दा बढीलाई पोलियो विरुद्धको खोप

काठमाण्डु । काठमाडौं उपत्यकामा लक्ष्यभन्दा बढी बालबालिकालाई पोलियो रोग विरुद्धको खोप लगाइएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गत साउन ९ गतेदेखि साउन १५ गतेसम्म सञ्चालन गरेको खोप अभियानमा लक्ष्यभन्दा बढी खोप लगाएको हो ।

स्वास्थ्य सेवा विभागका बालस्वास्थ्य तथा खोप शाखा प्रमुख डा अभियान गौतमले दुई लाख ९७ हजार नौ सय २५ बालबालिकालाई खोप लगाएको जानकारी दिनुभयो । उहाँले १०४ प्रतिशत बालबालिकालाई खोप लगाएको बताउनुभयो । उपत्यकामा दुई लाख ७९ हजार छ सय ८१ बालबालिकालाई पोलियो रोग विरुद्धको खोप खुवाउने लक्ष्य लिएको थियो । उहाँका अनुसार काठमाडौँ जिल्लामा दुई लाख तीन हजार आठ सय ९८ जना, ललितपुरमा ५२ हजार दुई सय ३२ र भक्तपुरमा ४१ हजार सात सय ९५ जनालाई पोलियो रोग विरुद्धको खोप लगाएका छन् । यसपटक मुखबाट खुवाइने 'ओपिभि' खोप खुवाइएको थियो ।

मन्त्रालयले टुकुचा खोला र बागमती नदीको सङ्गमस्थल टेकुमा पोलियो जीवाणु भेटिएपछि काठमाडौँ उपत्यकामा खोप अभियान सञ्चालन गरिएको थियो । रासस

# काम गर्न नसके आफू जिम्मेवारीमा नरहने मन्त्री भण्डारीको घोषणा

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले काममा हुने ढिलासुस्तीलाई अन्त्य गर्न मातहतका निकायका प्रमुखहरुलाई निर्देशन दिनुभएको छ । शुक्रबार मन्त्रालयमा मातहतका महाशाखा, विभाग तथा आयोजना कार्यालयका प्रमुखसँगको समीक्षा बैठकमा उहाँले काम गर्न नसके मार्ग प्रशस्त गर्न समेत आग्रन गर्नुभयो ।

"हामी आगामी कार्यक्रम समय तोकेरै निर्धारण गर्नेछौं र सोहीबमोजिम कार्य सम्पादन गर्नुपर्छ", उहाँले भन्नुभयो, "काम गर्न नसक्नेहरुले बाटो खाली गर्न सक्नुहुन्छ ।" उहाँले छ महिनामा देखिने गरी कम गर्न नसके आफू पनि जिम्मेवारीमा नरहने बताउनुभयो ।

चालु खर्च शतप्रतिशत हुने र पुँजीगत खर्च निकै कम हुने गरेको उल्लेख गर्दै उक्त समस्या समाधान हुने गरी काम गर्न आग्रह गर्नुभयो। "अहिले देखिएका समस्या मलाई भन्नुहोस्, समाधान गर्ने जिम्मेवारी मेरो हो, तर काममा कुनै सम्झौता हुँदैन", उहाँले भन्नुभयो, "जनगुनासो नआउने गरी काम गर्न म सबैलाई निर्देशन दिन्छु ।" मन्त्री भण्डारीले मन्त्रालय सुधारका लागि १० दिने अन्तरक्रिया कार्यक्रम समेत राख्नुभएको छ। रासस


## सेवा निवृत कर्मचारी परिषद
जनकपुरधाम (नेपाल)

## साधारण सभा सम्बन्धी सूचना

यस सेवा निवृत कर्मचारी परिषद को १७ (सत्रहम) साधारण सभा यही २०८१ साल भाद्र १ गते शनिवार विहान ८ बजे देखि श्री सितामाता सेवा सदन (पगला बाबा धर्मशाला) को सभाकक्षमा हुने भएकोले परिषद्को सम्पूर्ण सदस्य महानुभावहरुमा जानकारी हुन अनुरोध छ ।

अध्यक्ष



## श्री राम युवा कमिटी
जनकपुरधाम

**हार्दिक निमन्त्रणा**

श्री राम युवा कमिटीको १६ औं नव निर्वाचित कार्यसमितिको शपथग्रहण एवं पदहस्तान्तरण समारोह पूर्व उपप्रधानमन्त्री एवं गृहमन्त्री तथा नेपाली कांग्रेसका पूर्व केन्द्रिय उपसभापति माननीय विमलेन्द्र निधि ज्यूको प्रमुख आतिथ्यमा सुसम्पन्न हुने भएको हुँदा उक्त अवसरमा यस कमिटीका सम्पूर्ण भू.पू. अध्यक्ष ज्यूहरु, भू.पू. वरिष्ठ निर्देशक ज्यूहरु, भू.पू. निर्देशक ज्यूहरु, भू.पू. पदाधिकारी ज्यूहरु एवं कमिटीका सम्पूर्ण सदस्यज्यूहरुलाई गरिमामय अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।
कुनै कारणवस पठाइएको आमन्त्रण प्राप्त नभएको खण्डमा यसैलाई आधार मानी सहभागी भईदिनु हुन अनुरोध छ।

**कार्यक्रम**
मिति : २०८१/०४/१९ गते शनिवार
समय : बेलुका ४ बजे
स्थान: कमिटीको प्राङ्गणमा रामचौक, जनकपुरधाम-४

विजय कुमार साह — नव निर्वाचित महासचिव
सरोज कुमार साह — नव निर्वाचित अध्यक्ष
प्रमेश्वर प्रसाद साह — अध्यक्ष



## PLAN INTERNATIONAL — सवारी चालक आवश्यक्ता सम्बन्धी सूचना

**प्रकाशित मिति : ०३ अगस्त २०२४**

प्लान इन्टरनेशनल बालबालिकाको अधिकार र किशोरीहरुको समानताका लागि काम गर्ने अन्तराष्ट्रिय संस्था हो। प्लान इन्टरनेशनलले नेपालमा २०३४ सालदेखि पिछडिएका क्षेत्रका बालबालिका, उनीहरुका परिवार र समुदायलाई जीविकोपार्जन, विकास, संरक्षण र सहभागिताको अधिकार दिलाउन सहयोग गर्दै आएको छ। प्लान इन्टरनेशनल नेपालले हाल २३ वटा जिल्लामा कार्यक्रम सञ्चालन गरिरहेको छ।

प्लान इन्टरनेशनल नेपाल सबै प्रकारका हिंसाबाट बालबालिका र युवा व्यक्तिलाई संरक्षण गर्न लैंगिक उत्तरदायी संरक्षण मापदण्ड लागू गर्न पूर्ण रुपमा प्रतिवद्ध छ। प्लान इन्टरनेशनलको पूर्व क्षेत्रीय कार्यालय, धनुषाका लागि २ वर्षको निश्चित अवधिको रोजगारी (करार)मा निम्न लिखित पदको लागि योग्य नेपाली नागरीकबाट दरखास्त आव्हान गराउदछौ।

**१. सवारी चालक - संख्या १ धनुषा**
सवारी चालकले सुरक्षा मापदण्डको राम्रो ज्ञानसहित जिम्मेवारी महसुस गरी समझदारी र निष्ठा पालना गर्दै संस्थाका कर्मचारी र आगन्तुकका लागि भरपर्दो, दक्ष र सुरक्षित सवारी सञ्चालन सेवा प्रदान गर्नुपर्नेछ। चालकले सवारीको आवश्यक सबै मर्मत सम्भारलाई नियमित रुपमा जाँच गर्नुपर्नेछ। आवेदकमा निम्न लिखित योग्यता आवश्यक छ :
- प्रमाणित सवारी अनुमति पत्र (लाइसेन्स)
- माध्यमिक तह वा सो सरहको शैक्षिक योग्यता
- प्रतिष्ठित कार्यालयमा सवारी चालकको कम्तिमा ५ वर्षको अनुभव
- सुरक्षित रुपमा सवारी चलाएको रेकर्ड, सवारी चलाउँदा सुरक्षासम्वन्धी निर्णय लिन सक्ने
- सवारीको पार्टस् र यसका कामबारे प्राविधिक र मेकानिकल ज्ञान (सामान्य मर्मतको सीप भएको)
- नेपाली भाषामा पढने र लेख्ने क्षमता (अंग्रेजी भाषाको ज्ञान भएमा अझ राम्रो)

**आवेदन दिनका लागि**
बायोडाटासहितको (Bio-data) आवेदन शुक्रवार, १७ अगस्त, २०२४ सम्ममा पठाउनु पर्नेछ। आवेदन इमेल ठेगाना Nepal.Vacancy@plan-international.org वा प्लान इन्टरनेशनलको धनुषास्थित कार्यालयमा (बिशाहारा चोक, वडा ४, जनकपुरधाम उपमहनगरपालिका) सोझै बुझाउन सकिन्छ। छनोट सूचिमा परेका उम्मेदवारलाई मात्र छनोट प्रक्रियामा सामेल गराइनेछ। छनोट प्रक्रियाको कुनै पनि चरणमा कसैलाई प्रभावित गर्न खोजेमा आवेदन स्वतः खारेज हुनेछ।

# दुई अन्तर्राष्ट्रिय विमानस्थल प्रभावकारी रुपमा सञ्चालन गर्न प्रधानमन्त्रीको निर्देशन

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्नेबारे उच्चस्तरीय छलफल गर्नुभएको छ।

छलफलमा प्रधानमन्त्री ओलीले दुई विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालनको वातावरण निर्माण गर्न निर्देशन दिनुभएको छ ।



शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भएको छलफलमा प्रधानमन्त्रीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हालको उडान चाप तथा यात्रु व्यवस्थापनलाई ध्यान दिई दुवै अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालनका विकल्प र उपायबारे छलफल गर्नुभएको हो ।छलफलमा प्रधानमन्त्री ओलीले दुई विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालनको वातावरण निर्माण गर्न निर्देशन दिनुभएको छ। उहाँले ती दुई विमानस्थलमा अन्तर्राष्ट्रिय उडानका लागि चासो देखाएका अन्तर्राष्ट्रिय एयरलाइन्सको उडानसम्बन्धी विषयलाई नियामक निकायले चाँडो टुङ्ग्याएको खण्डमा सरकारले तालिकामा राखेर अगाडि बढाउने विश्वास व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री ओलीले निर्माण भएको लामो समयसम्म दुई अन्तर ाष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन नभएर घाटा बेहोर्नु परेको तथा काठमाडौँ विमानस्थलको क्षमताभन्दा बढी उडान र यात्रु व्यवस्थापन गर्नुपर्ने बाध्यता रहेकाले यसलाई गम्भीर रुपमा लिन आग्रह गर्नुभयो ।छलफलमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, श्रम तथा रोजगारमन्त्री शरतसिंह भण्डारी, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, मुख्यसचिव, प्रधानमन्त्रीका मुख्य सल्लाहकारलगायत नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीको उपस्थिति थियो।

छलफलमा प्राधिकरणका पदाधिकारीबाट विमानस्थल सञ्चालनमा भइरहेका समस्या, भइरहेको कामलगायत विभिन्न पक्षमा भइरहेको तयारीबारे ब्रिफिङ गरिएको थियो । प्रधानमन्त्री ओलीले दुवै विमानस्थल प्रभावकारी सञ्चालनका लागि अध्यागमन लगायत अन्य सुविधा लैजाने, इन्धन भण्डार विमानस्थल नजिक भए अन्यत्र सार्नेलगायतमा मन्त्रिपरिषद्बाट निर्णय गर्नुपर्ने अवस्था भए योजना पेश गर्न निर्देशन दिनुभयो ।

उहाँले हवाई इन्धनको मूल्य बढेको भए घटाउन, ग्राउण्ड ह्याण्डलिङ सेवा नियमअनुसार जुन निकायले पाउनुपर्ने हो सोहीअनुरुप हुनुपर्ने बताउनुभयो । यात्रु सेवा शुल्कमा कर लागेको घए घटाउने, पर्यटन कर नराख्नेलगायत विषयमा सम्बन्धित मन्त्रालय र निकायबाट गर्नुपर्ने भए गर्दै गर्ने, मन्त्रिपरिषद्बाट निर्णय गर्नुपर्ने भए मन्त्रिपरिषद्को आगामी बिहिबार बस्ने बैठकमा योजना ल्याउन आग्रह गर्नुभयो । उक्त प्रयोजनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव राजकुमार श्रेष्ठको संयोजकत्वमा सम्बन्धित सबै मन्त्रालयका सचिवहरु रहनेगरी गृहकार्य गर्ने जिम्मेवारी दिइएको छ ।रासस

# 'सिपिसीद्वारा पारित प्रस्तावले विश्वव्यापी विकास र समृद्धिका अवसर सिर्जना गर्ने विश्वास'

काठमाण्डु । राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेले चिनियाँ कम्युनिष्ट पार्टी (सिपिसी)को २०औँ केन्द्रीय समितिको तेस्रो राष्ट्रिय कंग्रेसबाट पारित प्रस्तावले विश्वव्यापी विकास र समृद्धिका नयाँ अवसर सिर्जना गर्ने विश्वास व्यक्त गर्नुभएको छ।

फ्रेन्डस् अफ सिल्क रोड क्लब नेपालले शुक्रबार आयोजना गरेको 'सिपिसीको २०औँ केन्द्रीय समितिको तेस्रो राष्ट्रिय कंग्रेस : नेपालसँग विकास अवसरको साझेदारी' कार्यक्रममा उहाँले सो प्रस्ताव चीनका लागि मात्र नभई मानव जातिका लागि साझा भविष्य निर्माणमा केन्द्रित भएको धारणा राख्नुभयो ।



उपाध्यक्ष घिमिरेले भन्नुभयो, "उच्च गुणस्तरको हरित विकास र साझा समृद्धिको लक्ष्यले नेपालजस्ता मित्र राष्ट्रसँगको सहयोगलाई थप उचाइमा पुर्‍याउने छ।" उहाँले विश्वव्यापी चुनौतीका रुपमा देखापरेका जलवायु परिवर्तन तथा सुस्त आर्थिक वृद्धिलगायत समाधान गर्न विश्व समुदाय एकताबद्ध हुनुपर्ने सन्दर्भमा चिनियाँ राष्ट्रपतिद्वारा प्रस्तावित ' मानव जातिका लागि साझा भविष्य निर्माण' को अवधारणाले ठूलो अर्थ र महत्त्व राखेको बताउनुभयो ।

"हाम्रा सहयोग द्विपक्षीय पहलमा मात्र सीमित रहन हुँदैन, विश्व्यापी चुनौतीको समाधान गर्न बहुआयामिक मञ्च खडा गर्नुपर्छ", उपाध्यक्ष घिमिरेले भन्नुभयो, "संयुक्त राष्ट्रसङ्घ, बेल्ट एन्ड रोड इनिसियटिभ (बिआरआई) लगायत विश्वव्यापी मञ्चमा चीन र नेपालले न्यायसङ्गत विश्वव्यापी व्यवस्थाको वकालत गर्नुपर्छ, जसले सम्पूर्ण राष्ट्रको सार्वभौमसत्ता, विकास र अधिकाको सम्मान गर्न सक्दछ ।" साझा विश्वको बाटो चुनौतीपूर्ण नरहेको उल्लेख गर्दै उहाँले इमान्दारी, आपसी सम्मान र साझा दृष्टिकोणका साथ काम गर्नुपर्नेमा जोड दिनुभयो

चीनको विकास प्रयास नेपालका लागि अनुकरणीय रहेको उल्लेख गर्दै उहाँले चिनियाँ अर्थतन्त्रको चामत्कारिक रुपान्तरण विकासिल राष्ट्रका लागि प्रेरणाको स्रोत हुने बताउनुभयो । उहाँले नेपाल र चीनबीच पूर्वाधार, ऊर्जा, कषि, पर्यटन, संस्कृति, हरित विकास, शिक्षा तथा क्षमता अभिवृद्धि, ग्रामीण विकास र सम्पर्क सञ्जाल विस्तारमा साझेदारीको प्रबल सम्भावना रहेको बताउनुभयो ।

नेपाल-चीन सम्बन्ध ऐतिहासक, सांस्कृतिक तथा आर्थिकरुपमा प्रगाढ रहेको उल्लेख गर्दै उहाँले पछिल्ला समय दुई देशबीचको साझेदारी झन् बलियो बन्दै गइरहेको बताउनुभयो । उहाँले भन्नुभयो । "नेपाल र चीनबीच जनस्तरसम्म रानजीतिक, आर्थिक र सांस्कृति लाभको आदानप्रादन हुँदै आएको छ, यसका माध्यमबाट सम्पर्क सञ्जालको विस्तारसँगै आर्थिक वृद्धि र आमनागरिकको जीवनस्तर उकास्न सहयोग पुग्नेछ।"

पूर्वराजदूत हिरण्यलाल श्रेष्ठले चिनियाँ कम्युनिष्ट पार्टीले अघि सारेको हरित क्रान्ति नीतिले जलवायु परिवर्तनको विश्वव्यापी चुनौती समाधान गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्दै त्यसबाट जलवायु परिवर्तनको चपेटामा परेका नेपालजस्ता मुलुकले लाभ लिनसक्ने बताउनुभयो । "चीनको आधुनिकीकरण त्यहाँ मात्र सीमित छैन, यसबाट नेपालसहित अन्य मुलुकले पनि लाभ लिन सक्नेछन्", उहाँले भन्नुभयो । चीन नेपालको निकट मित्र मात्रै नभई विकास साझेदारका रुपमा पनि रहेको जनाउँदै पूर्वराजदूत श्रेष्ठले विकास प्रयासमा चीनको थप सहयोगको खाँचो औँल्याउनुभयो । नेपालले भारत र चीनसँग समदूरीको सम्बन्ध राखेर अघि बढ्नुपर्ने उहाँले जोड दिनुभयो ।

नेपालस्थित चिनियाँ दूतावासका काउन्सिलर वाङ सीले सिपिसीबाट पारित प्रस्तावले विशेष गरी नेपालगायत छिमेकी मुलुक र विश्व समुदायमा विकासका धेरै अवसर र लाभ सिर्जना गर्ने बताउनुभयो । चीनको रेनमिन विश्विद्यालयका प्राध्यापक स्या लुले राष्ट्रिय कंग्रेसबाट पारित विशेष प्रस्तावको विवेचना गर्दै यसले नयाँ युगको यात्रा चिनियाँ शैलीको आधुनिकीकरणलाई अघि बढाउन व्यापक सुधारको बाटो पहिल्याएको बताउनुभयो । पत्रकार गोपाल खनालले चिनियाँ समृद्धिबाट नेपालले कसरी लाभ लिने भन्नेमा ध्यान दिनुपर्ने बताउनुभयो । आयोजक संस्थाका महासचिव डा कल्याणराज शर्माले विश्वको ठूलो अर्थतन्त्र चीनले थालेको व्यापक सुधारका पहलबाट नेपालको विकास प्रयासमा थप सहयोग मिल्ने विश्वास व्यक्त गर्नुभयो ।रासस

# बजेटमा विनियोजन कौशल नदेखिँदा कार्यान्वयन चुनौतीपूर्ण : अर्थमन्त्री पौडेल


काठमाण्डु । उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बजेट विनियोजनमा कुशलता नदेखिँदा कार्यान्वयन चुनौतीपूर्ण रहेको बताउनुभएको छ ।

प्रतिनिधिसभा अन्तर्गतको अर्थ समितिको शुक्रबारको बैठकमा अर्थमन्त्री पौडेलले स्रोत सुनिश्चितताबिनै बजेट विनियोजन भएको, प्रतिफल नहेरी जथाभावी बजेट हालिएको तथा बजेटको विनियोजनमा कुशलता नदेखिएको बताउनुभएको हो । चालु आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन गर्दा काम सुरु भइसकेका आयोजना चाँडो निर्माण सम्पन्न गर्ने, ठूला तथा गौरवका आयोजनालाई पर्याप्त स्रोत साधन उपलब्ध गराउने र चाँडो नतिजा दिने आयोजनालाई प्राथमिकतामा राखिने उहाँको भनाइ छ।

"सीमित स्रोत साधनका बावजुद नतिजा विश्लेषण नगरी बजेट विनियोजन भएको छ। जसकारण बजेट कार्यान्वयन चुनौतीपूर्ण छ", अर्थमन्त्री पौडेलले भन्नुभयो, "सुरु भइसकेका आइओजना सम्पन्न गर्ने, राष्ट्रिय महत्व तथा गौरवका आयोजना सम्पन्न गर्ने, नतिजा दिने आयोजना लाई प्राथमिकतामा राखेर स्रोत विनियोजन गर्नेगरी अघि बढेका छौँ।" उहाँले स्रोतको सीमितताका कारण सरकारलाई जथाभावी खर्च गर्ने छुट नरहेको उल्लेख गर्नुहुँदै उहाँले खर्चमा अनुशासित हुने बताउनुभयो ।

विकास साझेदार तथा दातृ निकायबाट सहयोग लिँदा त्यसको आवश्यकता र औचित्य हेरिने पनि अर्थमन्त्री पौडेलले स्पष्ट पार्नुभयो । "अन्तर्राष्ट्रिय सहयोग लिनुपर्छ तर, हाम्रो आवश्यकता र प्राथमिकता हेरेर मात्रै अन्तर्राष्ट्रिय सहयोग परिचालन गर्ने हो। लिएको सहयोग कहाँ र कसरी खर्च भएको छ भनेर पनि विश्लेषण गर्छौँ", अर्थमन्त्री पौडेलले भन्नुभयो ।

नेपालको कुल गार्हस्थ्य उत्पादनको तुलनामा ४० प्रतिशत नाघिसकेको सार्वजनिक ऋणको अवस्थालाई नियन्त्रण बाहिरको परिस्थिति भन्न नमिल्ने उहाँको भनाइ छ । यद्यपि, सार्वजनिक ऋणलाई उत्पादनमूलक क्षेत्र र पुँजी सिर्जना हुने क्षेत्रमा लगाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।मुलुकको अर्थतन्त्रलाई



चलायमान बनाउन तथा दिगो आर्थिक वृद्धिदर हासिल गर्न सरकारको वित्त नीति र मौद्रिक नीतिबीच आवश्यक तामत्यता मिलाउँदै समन्वयकारी ढंगले अघि बढ्ने पनि उहाँले बताउनुभयो ।

मौद्रिक नीति जारी गर्ने नेपाल राष्ट्र बैंक स्वायत्त निकाय भएकाले उसका काममा अर्थमन्त्रालयले हस्तक्षेप नगर्ने स्पष्ट पार्नुहुँदै अर्थमन्त्री पौडेलले अर्थ मन्त्रालय र राष्ट्र बैंकले एकअर्काबीच समन्वयकारी रुपमा काम गर्ने बताउनुभयो ।चालु आर्थिक वर्षको मौद्रिक नीति जारीभएपछि पुँजीबजारमा सकारात्मक प्रभाव देखिएको भएपनि सुझबुझपूर्ण तरिकाले लगानी गर्न उहाँले आग्रह गर्नुभयो । पुँजी बजारमा लगानी गर्दा सम्बन्धित कम्पनीको समग्र वित्तीय अवस्था हेरेर लगानी गर्नुपर्ने उहाँको भनाइ छ।

शेयर बजारलाई परिपक्व ढङ्गले अघि बढ्नका लागि नियामक र अर्थ मन्त्रालयले भूमिका खेल्ने उहाँले बताउनुभयो । 'इन्साइडर ट्रेडिङ'जस्ता कुनैपनि अवाञ्छित गतिविधि पुँजी बजारमा हुन नदिन नियामक चनाखो हुनुपर्ने पनि अर्थमन्त्री पौडेलले बताउनुभयो। त्यस्तै नयाँ स्टक एक्सचेन्ज खोल्नेबारे सरकारले आवस्यक अध्ययन गरेर उचित निर्णय गर्ने उहाँको भनाइ छ।

अर्थसमिति बैठकमा पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले लोक रिझाईका लागि जथाभावी खर्च गर्ने छुट सरकारलाई नरहेको बताउनुभयो । "तथाकथित पपुलिस्ट हुने छुट हामीसँग छैन । सार्वजनिक खर्च व्यवस्थापनलाई अनुशासनमा लानै पर्छ", डा महतले भन्नुभयो, "यसअघि रु तीन करोडभन्दा कम लागतका आयोजनामा सङ्घ सरकारले बजेट विनियोजन नगर्ने भनेर कार्यविधि बनेको थियो। तर त्यसको कार्यान्वयन भएको देखिएन । स्रोतको विश्लेषण नगरीकनै जथाभावी आयोजनामा बजेट हालिएको छ। यो प्रवृत्तिमा सुधार आवश्यक छ।" अर्थतन्त्र सुधारका लागि पुँजीगत खर्च बढाउनुको विकल्प नपरेको धारणा महतले राख्नुभयो।

त्यस्तै, राष्ट्र बैंकले मौद्रिक नीतिमा कुनै समय अत्यधिक लचिलो व्यवस्था ल्याउने र कुनै समय अत्यधिक कडाई गर्ने गरेका कारण त्यसको नकारात्मक प्रभाव देखिएको बताउनुभयो । राष्ट्र बैंकले सुझबुझपूर्ण ढंगले मौद्रिक नीति ल्याउनुपर्ने र सरको वित्त नीति पनि प्रभावकारी हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।अर्थ समितिको शुक्रबारको बैठकमा अन्य सांसदले समितिमा पुगेका विधेयक चाँडो छलफल भएर संसद्मा पठाइनुपर्ने धारणा राख्नुभयो । त्यस्तै, सरकारले वार्षिक बजेटमा राखेका कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा सांसदको जोड छ ।रासस

# ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री तामाङद्वारा पदवहाली

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङले पदवहाली गर्नुभएको छ। नवनियुक्त राज्यमन्त्री तामाङले शुक्रबार मन्त्रालयमा पदबहाली गर्नुभएको हो।

पदबहालीपछि




सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया दिँदै राज्यमन्त्री तामाङले नेपालको विकासका लागि ऊर्जा, जलस्रोत र सिँचाइ क्षेत्र महत्त्वपूर्ण भएकाले यस क्षेत्रको विकासमा आफू निरन्तर लागिपर्ने बताउनुभयो।

विसं २०२२ साउन १७ गते शेरबहादुर र जमुना तामाङको कान्छो सुपुत्रका रुपमा जन्मनुभएका तामाङ विसं २०४६/४७ देखि पार्टीभित्र क्रियाशील हुनुहुन्छ। विसं २०६७ मा सम्पन्न नेपाली कांग्रेसको १२औँ महाधिवेशनमा रामेछापबाट महाधिवेशन प्रतिनिधि निर्वाचित हुनुभएका तामाङ विसं २०७० मा समानुपातिक सांसदको सूचीमा हुनुहुन्थ्यो।

विसं २०७४ को संसदीय निर्वाचनमा रामेछापबाट पराजित तामाङ विसं २०७९ मा निर्वाचित हुनुभएको थियो। नवनियुक्त राज्यमन्त्री तामाङ हाल नेपाली कांग्रेस रामेछापको सभापतिसमेत हुनुहुन्छ ।रासस

# राप्रपा जिल्ला अध्यक्षको भेला काठमाडौँमा जारी

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का ७७ वटै जिल्ला अध्यक्षहरुको दुईदिने भेला आज पनि काठमाडौँमा जारी छ।

राप्रपाका केन्द्रीय अध्यक्ष राजेन्द्र लिङ्देनले बिहीबार धुम्बाराहीस्थित एसआर बैङ्क्वेटमा उक्त भेलाको उद्घाटन गर्नुभएको थियो । शुक्रबारको बैठकमा जिल्ला अध्यक्षबाट सम्बन्धित जिल्लाको साङ्गठनिक प्रतिवेदन पेस भइरहेको सो पार्टीका प्रवक्ता मोहनकुमार श्रेष्ठले राससलाई जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "७७ वटै जिल्लाबाट आउनुभएका जिल्ला अध्यक्षहरुले आफ्नो जिल्लाको साङ्गठनिक एवं राजनीतिक प्रतिवेदन पेस गरिरहनुभएको छ । सम्बन्धित प्रतिवेदन प्रस्तुत भइसकेपछि आजै बैठक सम्पन्न हुनेछ।"



भेलामा पार्टीको समग्र साङ्गठनिक अवस्थाको गम्भीर समीक्षा गरिने, विगतका निर्वाचनमा भएका कमी कमजोरीको समीक्षा गर्दै आगामी रणनीति तय गरिने, पार्टीले लिएका नीति, यसले पार्टी पङ्क्ति र जनसमुदायमा पारेको प्रभावको विश्लेषण गरिने, पार्टीको केन्द्रीय कार्यसमिति बैठकले आगामी वैशाख मसान्तसम्म स्थानीय तहको अधिवेशन गरिसक्ने लक्ष्य लिएको अवस्थामा सबै तहको अधिवेशन सम्पन्न गर्ने, २०८४ मा हुने तीन तहको निर्वाचन तयारीमा अहिलेदेखि कस्तो रणनीति तय गर्नेलगायत विषयमा पनि छलफल हुने प्रवक्ता श्रेष्ठले बताउनुभयो ।

उक्त भेलामा पार्टी अध्यक्ष लिङ्देनले पार्टीको नीति, विचार, सिद्धान्तलगायत रणनीति र आगामी कार्ययोजनाबारे जिल्ला अध्यक्षहरुलाई 'ब्रिफिङ' गर्नुहुनेछ । रासस

# लुम्बिनीका विनाविभागीय मन्त्रीहरुको जिम्मेवारी तोकियो

लुम्बिनी । लुम्बिनी प्रदेश सरकारमा सहभागी आठ मन्त्रीको विभागीय जिम्मेवारी तोकिएको छ । विनाविभागीयमन्त्रीका रुपमा १० दिनअघि शपथ लिनुभएका मन्त्रीहरुको शुक्रबार विभागीय जिम्मेवारी तोकिएको हो ।

लुम्बिनी प्रदेश सरकारको मुख्यमन्त्रीमा एमाले संसदीय दलका उपनेता चेतनारायण आचार्यसहित एमालेबाट पाँच र कांग्रेसबाट चार मन्त्रीले साउन ९ गते शपथ लिनुभएको थियो। मुख्यमन्त्री चेतनारायण आचार्यले आज मात्र उहाँहरुको कार्यविभाजन गर्नुभएको हो ।




मुख्यमन्त्री आचार्य र कांग्रेस संसदीय दलका नेता डिल्लीबहादुर चौधरीबीच शुक्रबार भएको छलफलबाट मन्त्रालयको जिम्मेवारी टुङ्गो लगाइएको हो। सहमतिअनुसार कांग्रेसबाट आर्थिक मामिला तथा योजनामन्त्रीमा गुल्मीका धनेन्द्र कार्की, सहरी विकास तथा खानेपानीमन्त्रीमा प्यूठानका सरोज थापा, वन तथा वातावरणमा बाँकेका बादशाह कुर्मी, उद्योग, पर्यटन तथा यातायातमन्त्रीमा दाङका प्रचण्डविक्रम न्यौपानेले जिम्मेवारी पाउनुभएको सरकारका प्रवक्ता नवनियुक्त कृषि तथा भूमि व्यवस्थामन्त्री दिनेश पन्थीले जानकारी दिनुभयो। नेपाली कांग्रेसको भागमा परेको एक मन्त्री पठाउन बाँकी छ।

सरकारको नेतृत्व गरेको नेकपा (एमाले) बाट भौतिक पूर्वाधार विकासमन्त्रीको जिम्मेवारी रूपन्देहीका भूमिश्वर ढकाल, कृषि तथा भूमि व्यवस्थामन्त्री गुल्मीका दिनेश पन्थी, स्वास्थ्यमन्त्री पाल्पाका खेम सारु र ऊर्जा जलस्रोत र सिँचाइमन्त्रीको जिम्मेवारी दाङकी सीता शर्मा चौधरीले प्राप्त गर्नुभएको प्रवक्ता पन्थीले बाताउनुभयो ।रासस

# हानिया र शुकर मारिएपछि हिज्बुल्लाह भन्छ, 'इजरेलसँगको लडाइँ नयाँ चरणमा'

वीवीसी

काठमाण्डु । हिज्बुल्लाहको गढ मानिने बेइरुतको दक्षिणी भागमा अवस्थित दाहियामा कालो कपडा लगाएका मानिसहरू ठूलो संख्यामा भेला भए।उनीहरू लेबननको शक्तिशाली मिलिशिया तथा राजनीतिक अभियानका वरिष्ठ कमान्डर फुआद शुकरको अन्तिम संस्कारमा सहभागी हुन त्यहाँ पुगेका थिए। दुई पक्षबीच द्वन्द्व बढेकै बेला इजरेलद्वारा हत्या गरिएका उनी सबैभन्दा उच्च तहका हिज्बुल्लाह सदस्य थिए।

ती मानिसले शुकरको अनुहार देखिने तस्बिर अङ्कित प्ल्याकार्ड बोकेका थिए। उनीहरूले पहेँलो र हरियो रङ्ग भएको हिज्बुल्लाहको झण्डा फहराउँदै र बेलाबेलामा मुट्ठी कसेर माथि उठाउँदै उक्त समूहसँग सम्बन्धित नारा लगाए। इजरेली सेनाले गत शनिवार इजरेलको अधीनमा रहेको गोलन हाइट्सस्थित एउटा फुटबल मैदानमा बालबालिकासहित १२ जनानको ज्यान जाने गरी भएको क्षेप्यास्त्र आक्रमणमा शुकरको हात रहेको आरोप लगाएको छ। हिज्बुल्लाहले उक्त घटनामा आफ्नो समूहको संलग्नता अस्वीकार गरेको छ। यद्यपि उसले उक्त स्थाननजिकैको सैन्य आधारशिविरमा आक्रमण गरेको दाबी गरेको थियो।

त्यसैले उक्त क्षेप्यास्त्र पनि हिज्बुल्लाहको लक्ष्यभन्दा बाहिर गएको हुन सक्ने सम्भावना भएको कतिपयको विश्लेषण छाअल-हज मोहसिन पनि भनिने शुकर हिज्बुल्लाह नेता हसन नसरल्लाहका निकट सल्लाहकार मानिन्थे र उनी लामो समयदेखि उक्त समूहमा आबद्ध थिए। मानिसहरू भेला भएपछि नसरल्लाहले टेलिभिजनबाट सम्बोधन गरे। त्यसलाई हिज्बुल्लाहको सम्भावित अर्को कदमको कुनै पनि सङ्केतका रूपमा धेरैले चासोपूर्वक हेरेका थिए।उनले गोप्य स्थानबाट बोल्दै इजरेलसँगको द्वन्द्व "नयाँ चरण"मा प्रवेश गरेको उद्घोष गरे। सुरक्षाका कारण उनले सधैँ त्यसरी सम्बोधन गर्छन्।



नसरल्लाहले "अवश्यम्भावी प्रतिक्रिया" कुर्न इजरेललाई चेतावनी दिए। शत्रुपक्षले "सीमा" नाघेकाले त्यसको मूल्य चुकाउनुपर्ने उनले बताए। इजरेलले गैरसैनिक भवनलाई लक्षित गरेर हमला गरेको बताउँदै उनले हिज्बुल्लाहले पनि समान खालको प्रतिक्रिया दिन सक्ने सङ्केत गरे। उनको सम्बोधनको भाकाले इजरेलसँग अर्को ठूलो युद्धमा उक्त समूहले चासो नदेखाएको सङ्केत गरेको जस्तो देखिन्छ। तर त्यो उनीहरूको रणनीति पनि हुन सक्ने ठानिएको छ।"म युद्धदेखि डराउँदिनँ। शेख नसरल्लाहले जे निर्णय गर्छन्, त्यसका लागि हामी तयार छौँ,' उक्त समूहमा रहेका एक जनाले मसँग भने।

के हिज्बुल्लाहले हत्याको बदला लेला त भन्ने प्रश्नमा अर्का एक जनाले अरबी भाषामा "ईश्वरको जो इच्छा" भने। शुकरको गत मङ्गलवार हत्या भएको थियो। त्यस क्रममा दुई बालकसहित अन्य छ जनाको पनि ज्यान गएको थियो।आफ्ना सैन्य नेता मारिएपछि हिज्बुल्लाह र इजरेलबीच पुनः द्वन्द्व चर्किने र त्यो मध्यपूर्वभरि फैलिन सक्ने चिन्ताहरू उत्पन्न भएका छन्।गत अक्टोबर ७ मा हमासले इजरेलमा गरेको आक्रमणको भोलिपल्टदेखि हिज्बुल्लाहले पनि इजरेललक्षित हमलाहरू सुरु गरेको थियो।उसले आफ्नो अभियान गाजास्थित प्यालेस्टिनीहरूको समर्थन चलाइएको बताएको छ।

> "
> आफ्ना सैन्य नेता मारिएपछि हिज्बुल्लाह र इजरेलबीच पुनः द्वन्द्व चर्किने र त्यो मध्यपूर्वभरि फैलिन सक्ने चिन्ताहरू उत्पन्न भएका छन्। गत अक्टोबर ७ मा हमासले इजरेलमा गरेको आक्रमणको भोलिपल्टदेखि हिज्बुल्लाहले पनि इजरेललक्षित हमलाहरू सुरु गरेको थियो।उसले आफ्नो अभियान गाजास्थित प्यालेस्टिनीहरूको समर्थन चलाइएको बताएको छ।

अहिलेसम्म उक्त समूहका अधिकांश आक्रमण र इजरेलको प्रत्याक्रमण लेबनन र इजरेलका सीमावर्ती क्षेत्रमा सीमित छन्। इरानको समर्थन पाएको हिज्बुल्लाहलाई इजरेलले हमासभन्दा धेरै शक्तिशाली शत्रुको रूपमा हेर्दै आएको छाउक्त समूहसँग उन्नत अस्त्रहरूको ठूलो भण्डार छ। त्यस्ता अस्त्रहरूमा ड्रोनहरू र इजरेली भूमिभित्र प्रहार गर्न सकिने खालका उच्चस्तरीय प्रविधिमा आधारित क्षेप्यास्त्रहरू पनि छन्। हिज्बुल्लाहसँग द्वन्द्व बढेमा इरानको समर्थन पाएका उक्त क्षेत्रका अन्य समूह पनि त्यसमा संलग्न हुन सक्छन्।

ती समूहहरूको अनौपचारिक सैन्य गठबन्धनलाई तेहरानले "एक्सिस अफ रेजिस्टन्स"भन्ने गर्छ। त्यस्ता समूहमा यमनको हूथी र इराकका लडाकु समूहहरू पनि पर्छन्।

इरानले पनि आफ्ना नयाँ राष्ट्रपतिले पदभार गर्ने दिन आयोजित विशेष समारोहमा सहभागी हुन तेहरान भ्रमणमा रहेका बेला बुधवार मारिएका हमासका राजनीतिक प्रमुख इस्माइल हानियाको हत्याको जबाफ दिने वाचा गरेको छाउक्त हत्यामा इजरेलको संलग्नता हरेको इरान र हमासले आरोप लगाएका छन्। इजरेल भने मौन बसेको छाउक्त हत्याले गाजामा युद्धविराम र हमासको कब्जामा रहेका बन्धकहरूलाई मुक्त गर्नका लागि जारी वार्तालाई अन्योलमा पारिदिएको छ।

हिज्बुल्लाहसँगको तनाव कम पार्ने उपाय भनेको कूटनीति मात्र हो।हमास र हिज्बुल्लाहका दुई नेताहरूको मृत्युपछि उत्पन्न हुन सक्ने जुनसुकै परिस्थितिका लागि आफूहरू तयारी अवस्थामा रहेको इजरेली सेनाले बताएको छानसरल्लाहका शब्दहरू इजरेलविरुद्ध कडा भए पनि तत्कालै यी दुई पक्षबीच भीषण युद्ध भइहाल्ला भन्ने सङ्केत दिने खालका चाहिँ थिएनन्।

## ओलम्पिकमा कठिन वातावरणको सामना गर्दै इजरायल

एएफपी

पेरिस । इजरायलको ओलम्पिक टोलीले पेरिस खेलका क्रममा ' कठिन' वातावरणको सामना गरेको उनीहरूको प्रतिनिधिमण्डलका प्रमुखले बताएका छन् ।इजरायलको इतिहासमा सबैभन्दा ठूलो (८८ सदस्यीय) टोलीले बिहीबार जुडोका पिटर पाल्चिक र इनबार लानिरमार्फत पहिलो पदक जितेको छ। बाँकी १० दिनमा थप दुई वा तीन पदक जित्ने आशा रहेको इजरायली ओलम्पिक कमिटीका अध्यक्ष येल अरादले बताउनुभयो।

अनलाइनमार्फत् आउने मृत्युको चेतावनी, उत्पीडन, सामाजिक सञ्जालमार्फत चुहावट भएका व्यक्तिगत सूचना वा मानहानी साथै फुटबल खेलको क्रममा देखिएको इजरायलविरोधी जनमतले खेलमा ध्यान केन्द्रित गर्न गाह्रो



भइरहेको इजरायली खेलाडीहरूले बताएका छन् ।अरादले भन्नुभयो, "हामीले हाम्रा खेलाडीलाई विशेष ढङ्गले तयार गरेका छौँ। हामीले उनीहरूलाई दिएको मुख्य सन्देश यो हो कि हामी यहाँ प्रतिस्पर्धा गर्न र इजरायली भावना देखाउन आएका छौँ।"

इजरायली सरकारले अनलाइन उत्पीडन र 'फिसिङ' आक्रमणको परिष्कृत अभियानका लागि इरान समर्थित समूहलाई आरोप लगाएको छ। "यो साँच्चै कठिन अवस्था हो। सबैलाई थाहा छ हामी अक्टोबर ७ देखि नै शोकमा परेको राष्ट्र हौं," इजरायलमा हमासले गरेको आक्रमणमा एक हजार १७० जनाको ज्यान गएको उल्लेख गर्दै अरादले भन्नुभयो। गत सप्ताहन्तमा गोलान हाइट्समा हेजबुल्लाहको रकेट आक्रमणले फुटबल खेलिरहेका १२ बालबालिकाको ज्यान लिएको घटनाले पनि टोलीलाई असर गरेको अरादले बताउनुभयो।

"हाम्रा खेलाडीहरूले दुःख र समस्याको सामना गर्नेछन् र आशा र प्रेरणा घर लिएर जानेछन् भन्नेमा म विश्वस्त छु," उहाँले भन्नुभयो। गाजामा जारी इजरायलली आक्रमणले पेरिस ओलम्पिकमा विवाद निम्त्याएको हो। ओलम्पिक सुरु हुनुअघि नै प्यालेस्टिनी ओलम्पिक कमिटीले ओलम्पिकको धारणा उल्लङ्घन गरेको र ४०० प्यालेस्टिनी खेलाडी र खेलकूद व्यक्तित्वहरूको हत्या गरेकोमा इजरायललाई बहिष्कार गर्न माग गरेको थियो।

इजरायली टोली वरपरको सुरक्षा असाधारण रूपमा कडा गरिएको छ। प्यालेस्टिनी उग्रवादी समूह ' ब्ल्याक सेप्टेम्बर'ले एथलिट गाउँमा इजरायली प्रतिस्पर्धीलाई आक्रमण गरी हत्या गरेपछि सन् १९७२ को खेलदेखि नै इजरायली टोलीहरूलाई कडा सुरक्षामा राखिने गरिएको इजरायलको इतिहासमा पहिलो ओलम्पिक पदक बिजेता पूर्व जुडोका अरादले बताउनुभयो ।रासस

# स्मार्टफोनको प्रयोग ८० करोड भारतीयको गरिबी निवारणमा सहयोगी सिद्ध

एएनआई

अमेरिका । द्रूत विकासका लागि डिजिटाइजेसनको प्रयोगमा जोड दिँदै संयुक्त राष्ट्रसङ्घीय महासभाका ७८ औं सत्रका अध्यक्ष डेनिस फ्रान्सिसले यस क्षेत्रमा भएको विकासले विगत ५-६ वर्षमा ८० करोड जनतालाई गरिबीबाट बाहिर निकाल्न सक्षम भारतको प्रशंसा गर्नुभएको छ। उहाँले कसरी भारतका ग्रामीण क्षेत्रका मानिसहरूले स्मार्टफोनको माध्यमबाट भुक्तानी गर्न र बिलहरू तिर्न सक्षम भएको उदाहरण दिँदै यसले उनीहरूको समय र पैसासमेतलाई वचत गरेको बताउनुभयो।

फ्रान्सिसले संयुक्त राष्ट्रको खाद्य र कृषि संगठन (एफएओ)ले आयोजना गरेको 'वर्तमान र भावी पुस्ताका लागि शून्य भोकतिर प्रगतिको गति' विषयक छलफल कार्यक्रममा बताउनुभयो, "द्रूत विकासका आधारमध्ये डिजिटलाइजेसन एक हो । उदाहरणका लागि, भारतलाई हेर्नुहोस् । भारतले गत ५-७ वर्षमा केवल स्मार्टफोनको प्रयोग गरेर ८० करोड मानिसहरूलाई गरिबीबाट बाहिर निकाल्न सक्षम भएको छ।" फ्रान्सिसले उच्च इन्टरनेट सेवाको विकासका कारण नै भारत ग्लोबल साउथका अन्य देशहरूको तुलनामा विकासोन्मुख रहेको जोड दिनुभयो ।



"बैङ्किङ प्रणालीसँग कहिल्यै सम्बन्ध नभएको भारतका ग्रामीण किसानहरू पनि आफ्ना सबै व्यवसायहरू स्मार्टफोनमार्फत लेनदेन गर्न सक्षम भएका छन् । भारतमा उच्च स्तरको इन्टरनेट पहुँचले ८० करोड मानिस गरिबीबाट मुक्त भएका छन् । डिजिटलाइजेसनको विकासको प्रारम्भिक चरणको रूपमा यस असमानतालाई सम्बोधन गर्न केही विश्वव्यापी पहल आवश्यक छ," युएनजीएका अध्यक्षले भन्नुभयो।

डिजिटाइजेसनको विकास प्रधानमन्त्री नरेन्द्र मोदी सरकारको प्रमुख लक्ष्यमध्ये एक रहेको छ। पछिल्लो दशकमा देशमा डिजिटल भुक्तानी लेनदेनमा द्रूत वृद्धि देखिएको छ । प्रधानमन्त्री मोदीले डिजिटाइजेसनलाई प्रोत्साहित गर्न 'जेएएम' पहल, जनधन, आधार र मोबाइल लागू गर्नुभएको छ । यसअन्तर्गत मानिसहरूलाई आफ्नो बैंङ्क खाता खोल्न प्रोत्साहित गरिएको छ र हरेक खातालाई आधारकार्डसँग लिङ्क गरिएको छ । यसले देशभरका मानिसहरूलाई विभिन्न सरकारी योजनाहरू र सामाजिक लाभ भत्ता उनीहरूको खातामा सिधै पुग्न मद्दत गरेको छ।

# जापानको इतिहासमै जुलाईमा अधिकतम तापक्रम मापन

एएफपी

टोकियो । जापानमा १२६ वर्ष पहिले मौसम मापन सुरु भएदेखि यस वर्षको जुलाईमा अधिकतम तापक्रम मापन गरेको मौसम विभागले जनाएको छ।

गत वर्ष जुलाईमा मापन गरिएको औसतभन्दा १.९१ डिग्री सेल्सियस बढी तापक्रमको रेकर्ड तोड्दै यस वर्ष देशको तापक्रम औसतभन्दा २.१६ डिग्री सेल्सियसले बढेको छ । जापान मौसम विज्ञान एजेन्सी (जेएमए) ले बिहीबार राष्ट्रव्यापी रूपमा तथ्याङ्क उल्लेखनीय रूपमा उच्च भएको उल्लेख गर्दै भनेको छ, "सन् १८९८ मा तथ्याङ्क सुरु भएदेखि मापन भएको यो सबैभन्दा उच्च तापक्रम हो।"

जापानभरिका १५३ मौसम अवलोकन समीक्षामध्ये ६२ ले जुलाईमा आफ्नो औसत तापक्रमको रेकर्ड तोडेको हो।प्रशान्त महासागरको उच्च चाप र दक्षिणबाट आएको न्यानो हावा



तापक्रम वृद्धि गर्ने मुख्य कारक रहेको जेएमएले बताएको छ।विपद् व्यवस्थापन एजेन्सीका अनुसार अप्रिलदेखि जापानमा अत्यधिक तापक्रमका कारण आउने स्वास्थ्य समस्या (हिटस्ट्रोक) का कारण ५९ जनाको मृत्यु भएको छ।

अधिकारीहरूले 'अत्यन्त तातो' ठानेको ३५ डिग्री तापक्रमको रेकर्डलाई ब्रेक गर्दै गत महिना टोकियोको पश्चिम सिजुओका यस वर्ष ४० डिग्री सेल्सियस तापक्रम पुग्ने पहिलो जापानी क्षेत्र बनेको छ । यसैबीच, युरोपेली सङ्घको जलवायु अनुगमनले इतिहासमै पृथ्वीमा रेकर्ड गरिएको सबैभन्दा तातो दिनहरू जुलाईमा अनुभव भएको बताएको छ।

# अमेरिकी राष्ट्रपति र उपराष्ट्रपतिद्वारा रिहा भएका अमेरिकी नागरिकलाई स्वागत


एएफपी

वासिङ्टन ।रूससँगको कैँदी आदानप्रदानमा रिहा भएका अमेरिकी पत्रकार इभान गेर्शकोभिच, र अन्य दुई पूर्व अमेरिकी नौसैनिक पल ह्वेलन र पत्रकार अल्सु कुर्माशेभा स्वदेश फिर्ता भएपछि उहाँहरूको अमेरिकामा भव्य स्वागत भएको छ।

अमेरिकी राष्ट्रपति जो बाइडेन र उपराष्ट्रपति कमला ह्यारिसले पत्रकार इभान गेर्शकोभिचलाई अँगालो हालेर स्वागत गर्नुभएको थियो । वाल स्ट्रिट जर्नलका रिपोर्टर गेर्शकोविच, पूर्व अमेरिकी नैसैनिक ह्वेलन र पत्रकार कुर्माशेभा विमानबाट ओर्लेपछि परिवार र साथीभाइले खुसीयाली मनाएका थिए।

खोज पत्रकारका रूपमा वाल स्ट्रिट जर्नलमा काम गर्ने शिलशिलामा गेर्शकोभिचलाई रूसमा पक्राउ गरिएको थियो। रूससँगको कैँदी आदानप्रदान सम्झौतामा उहाँहरूसहित ठूलो सङ्ख्यामा कैदी आदानप्रदान भएपछि उहाँहरू बिहीबार अमेरिका फिर्ता हुनुभएको हो। वासिङ्टन नजिकैको ज्वाइन्ट बेस एन्ड्रुजमा रूससँगको कैदी आदानप्रदानमा स्वदेश फिर्ता भएका नागरिकसँगको भेटपछि पत्रकारसँग कुरा गर्दै अमेरिकी राष्ट्रपति बाइडेनले भन्नुभयो, "उहाँहरू आउन निकै लामो समय लागेको छ। यो महसुस भएको छ।"

शीतयुद्धपछिको सबैभन्दा ठूलो पूर्व-पश्चिम कैदी अदलाबदलीका क्रममा रूसले बिहीबार दुई दर्जन बन्दीलाई रिहा गरेको थियो । अमेरिकी रेजिडेन्सीमा कार्यरत क्रेमलिनका प्रखर आलोचक चौथो कैदी भ्लादिमिर कारामुर्जा पनि अलग्गै संयुक्त राज्य अमेरिका फर्किनुभएको



छ । टर्कीको राजधानी अङ्कारास्थित विमानस्थलको टार्म्याकमा भएको नाटकीय आदानप्रदानमा रूसमा कैद गरिएका अमेरिकी र अन्य सहयोगी मुलुकका गरी कुल १६ जना र दुई नाबालकसहित कुल १० जना रूसी नागरिक रिहा भएका हुन्।

"गठबन्धनले फरक पार्छ । उनीहरूले कदम चाले र हाम्रा लागि यो मौका दिए," बाइडेनले जर्मनी, पोल्याण्ड, स्लोभेनिया, नर्वे र बेलारुसलाई पनि सामेल गर्ने सम्झौताबारे भन्नुभयो । बाइडेनले सन् २०२४ को राष्ट्रपतीय चुनावबाट नाम फिर्ता लिएपछि डेमोक्र्याटिक पार्टीका तर्फबाट राष्ट्रपतिपदका सम्भावित उम्मेदवार ह्यारिसले 'असाधारण दिन' को घोषणा गर्नुभएको थियो । रासस

# रासायनिक मल बिक्रीमा कोटा निर्धारण

गण्डकी । पोखरा महानगरपालिकाले आर्थिक वर्ष २०८१/८२ का लागि रासायनिक मलको मूल्य तथा बिक्री परिमाणको कोटा निर्धारण गरेको छ। पोखरा महानगरपालिका मल वितरण व्यवस्थापन समितिको आज सम्पन्न बैठकले नेपाल सरकारले अनुदानमा उपलब्ध गराउने मलको मूल्य निर्धारण गरेको हो।

महानगरका उपप्रमुख एवम् मल वितरण ब्यवस्थापन समितिका संयोजक मञ्जुदेवी गुरुङको अध्यक्षतामा बसेको बैठकले युरिया, डीएपी र पोटासको मूल्य निर्धारण गरेको महानगरपालिका आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो।

बैठकको निर्णयअनुसार मल डिपोदेखि बिक्री केन्द्रको दुरीका आधारमा प्रतिकेजी १९ रुपैयाँ ४५ पैसादेखि २१ रुपैयाँ ५ पैसासम्म निर्धारण गरिएको छ । त्यस्तै डीएपीको ४८ रुपैयाँ ४५ पैसादेखि ५० रुपैयाँ ५ पैसा र पोटासको मूल्य ३६ रुपैयाँ ४५ पैसादेखि ३८ रुपैयाँ ५ पैसासम्म तोकिएको छ । मल बिक्रेताले प्लाष्टिक झोलाको मूल्य प्रतिकिलो बढीमा रु २ रुपैयाँ थप लिन सक्ने निर्णय गरेको महानगर कृषि विकास शाखाका प्राविधिक सहायक शिवसिंह धामीले जानकारी दिनुभयो।



कृषि महाशाखा प्रमुख कडरियाका अनुसार पोखरा महानगर कृषि शाखामा सूचिकृत तथा बिक्री वितरण गर्नका लागि छनौट भएका २६ वटा वडाका ६५ केन्द्रबाट मल विक्री वितरण भइरहेकोछ । मल विक्री वितरणका लागि आर्थिक वर्ष २०८०/८१ मा मल बिक्रेताले बिक्री गरेका आधारमा कोटा निर्धारण गरिएको छ।

बैठकले सूचिकृत बिक्रेतालाई मलको कोटा निर्धारण गरिएको र किसानलाई महानगरले तोकेकै मूल्यमा सहज रुपमा किसानलाई मल उपलब्धसमेत गराउन अनुरोध गरेको छ। सहज र सपथ मूल्यमा मल बिक्री गरे/नगरेको अनुगमन गर्ने पोखरा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङ बताउनुभयो।

महानगरमा सूचिकृत बिक्रेतालाई मलको कोटा निर्धारण गरिएको बताउँदै उहाँले किसानलाई तोकिएकै मूल्यमा सहज रुपमा मल उपलब्ध गराउनुपर्ने बताउनुभयो। अघिल्ला वर्षमा पनि महानगरले नियमित अनुगमन गरेको र यस वर्ष पनि त्यसलाई निरन्तरता दिने उहाँको भनाइ छ।पोखरा महानगरका प्रमुख प्रशासकीय अधिकृत श्यामकृष्ण थापाले किसानलाई खपत र आवश्यकताका आधारमा मल उपलब्ध गराउन महानगर तयार रहेको उल्लेख गर्दै अनुदानको मल बढी मूल्यमा बिक्री गर्नेलाई कारबाही गरिने बताउनुभयो।

अनुमति नलिइकन बिक्री वितरण गर्ने, तोकिएको मूल्यभन्दा बढीमा बिक्री गर्ने र आफ्नो कार्यक्षेत्रभन्दा बाहिर बिक्री गर्ने, मूल्यसूची नराख्ने र विलविजक जारी नगर्ने बिक्रेतालाई कारबाही गरिने महानगर आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाले बताउनुभयो।रासस

# नक्कली बिलबिजक बनाएर कारोबार गर्ने ६८ फर्मलाई कारबाही

चितवन। आन्तरिक राजस्व कार्यालय भरतपुरले गत आर्थिक वर्षमा नक्कली बिलबिजक बनाएर कारोबार गर्ने ६८ फर्मलाई कारबाही गरेको छ। कार्यालयका प्रमुख नीरन भट्टराईले कारबाहीबाट रु एक अर्ब चार करोड बराबरको राजस्व निर्धारण रहेका छन्।

यस्तै कार्यालयले गत वर्ष दुई सय २७ पटक बजार अनुगमन गरी रु सात करोड ५१ लाख जरिवाना असुल गरेको छ। कार्यालयमा दर्ता भएका व्यावसायिक फर्ममध्ये पाँच सय ६९ वटाको लेखा




गरिएको जानकारी दिनुभयो। बिलबिजक अनुसन्धानको क्रममा आयकरतर्फ रु ७१ करोड ८३ लाख ९९ हजार र मूल्य अभिवृद्धि कर (भ्याट) तर्फ रु ३२ करोड ९८ लाख २५ हजार कर निर्धारण गरिएको छ।

यहाँ रहेका कवाडी व्यवसायी, हार्डवेयर, किचनका सामग्री बिक्री गर्ने पसल र कपडा पसलको दुईदेखि तीन आर्थिक वर्षसम्मको विवरण अनुसन्धान गर्दा यस्तो भेटिएको कार्यालय प्रमुख भट्टराईले जानकारी दिनुभयो। उहाँकानुसार सबैभन्दा धेरै नक्कली भ्याट बिल बनाउनेमा कवाडी व्यवसायी नम्बर बन्द गरिएको छ। यहाँ दुई हजार छ सय १७ जनाले लेखा नम्बर बन्द गराउन निवेदन दिएका थिए। भट्टराई भन्नुभयो, “लेखा नम्बर बन्द गर्नका लागि दिएका निवेदनको राजश्व बाँकी रहेको नरहेको हेरेर मात्र काम गर्न सकिने हुँदा कम संख्यामा करदाताको लेखा नम्बर बन्द गरिएको हो।”गत आर्थिक वर्षमा तीन हजार सात सय ५६ जना व्यवसायीले नयाँ व्यावसायिक लेखा नम्बर लिएका छन्। यस कार्यालयमा हाल व्यावसायिक लेखा नम्बर लिनेको स¤ïया ५७ हजार नौ सय १९ रहेको छ।रासस

# शुक्लाफाँटा राष्ट्रिय निकुञ्जसँग बाघलाई ‘डार्ट’ गर्ने सुविधा नहुँदा समस्या

दोधारा चाँदनी । कञ्चनपुरमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज वरपरका बस्तीमा मानव वन्यजन्तुबीचको द्वन्द्वले बेलाबेला समस्या हुने गरेको छ । बिहीबार पनि यस्तै भयो । दोधारा चाँदनी नगरपालिका-२ की हीरादेवी शाहको घर नजिकै खेतमा घाँस काट्ने क्रममा बाघको आक्रमणमा परी मृत्यु भयो।

दिन दहाडै बाघले घिसार्दै शाहलाई उखुबारीभित्र लगेर मृत्यु भएपछि दोधारा चाँदनीमा शोक र त्रास छ। घटना लगत्तै शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, स्थानीय प्रशासन, नेपाली सेनासहितको टोलीले बिहीबार दिनभर बाघ नियन्त्रणमा लिन खटियो । निकुञ्जबाट बाघ नियन्त्रणमा लिन चारवटा हात्तीसहितको टोली परिचालन भएको थियो तर त्यो प्रयास सफल भएन। रातभरि घटनास्थलमा पहरा दिइयो तर बाघलाई नियन्त्रणमा लिन विशेषज्ञसहितको प्राविधिक टोली बर्दिया राष्ट्रिय निकुञ्जबाट बोलाउनुपर्‍यो।

‘डार्ट’ (औषधियुक्त सुई प्रहार) सहितको टोलीले शुक्रबार उखुबारीबाट बाघलाई नियन्त्रणमा लिइएको छ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा बर्दिया राष्ट्रिय निकुञ्जको प्राधिक टोलीले बाघलाई ‘डार्ट’ गरेर नियन्त्रणमा लिएको हो । बिहीबारदेखि नै बाघलाई नियन्त्रणमा लिने प्रयास गरिए पनि आज मात्र सम्भव भएको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत मनोज ऐरले बताउनुभयो । “बिहीबार रातभर निकुञ्जको टोली र सुरक्षाकर्मीले बाघलाई उखुबारीमै पहरा दिएका थिए । आज पाँच वटा हात्तीसहित खटिएको प्राविधिक टोलीले बाघलाई सयन्त्रणमा लिन सफल भएका हौँ”, उहाँले



भन्नुभयो। ३६ वटा पाटे बाघ रहेको शुक्लाफाँटासँग डार्ट गर्ने प्राविधिक सामग्री उपलब्ध नहुँदा बर्दियाबाट टोली बोलाउनुपर्‍यो । अहिले पनि कञ्चनपुरमा कुनै घटना घटे डार्टका लागि बर्दिया राष्ट्रिय निकुञ्जको भर पर्नुपरेको छ। मानव वन्यजन्तु द्वन्द्व बढिरहेका बेला शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमै डार्ट गर्ने प्राविधिक टोली हुनुपर्ने यहाँका स्थानीयको माग छ।

“दुई दिनको अवधिमा शुक्लाफाँटा र दोधारा चाँदनीमा बाघले आक्रमण गर्‍यो तर यहाँको निकुञ्जसँग नियन्त्रणमा लिने प्रविधि रहेन छ। पटकपटक यस्ता घटना हुन्छन्, त्यसैले डार्ट गर्नका लागि बर्दियाको मुख ताक्नुपर्ने अवस्था राम्रो होइन यसको व्यवस्थापन निकुञ्ज कार्यालयले गर्नुपर्छ”, स्थानीय गणेश बोहराले भन्नुभयो।

डार्ट मात्रै होइन उद्धार गरेका बाघलगायत वन्यजन्तुको राख्ने ‘वन्यजन्तु उद्धार केन्द्र’ समेत छैन । यसैकारण शुक्रबार नियन्त्रणमा लिएको बाघलाई बर्दिया पठाउनुपरेको छ। बोहरा मानव-वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरणका लागि निकुञ्ज प्रशासनले पहल आवश्यक उपकरणसहितको व्यवस्था र उद्धार केन्द्रको व्यवस्था गर्नुपर्ने बताउनुहुन्छ।

निकुञ्जका संरक्षण अधिकृत ऐरले शुक्लाफाँटामै वन्यजन्तु उद्धार केन्द्र र डार्ट गर्ने व्यवस्थाका लागि पहल अगाडि बढेको बताउनुभयो। “यहाँ बाघको संख्या बढेपछि हामीले पूर्वतयारीका लागि आवश्यक पर्ने साधन तथा उद्धारपछिको व्यवस्थापनका बारेमा पहल गरिरहेका छौं”, यहाँले भन्नुभयो, “डार्ट गर्ने जनशक्ति उपलब्ध भए पनि अन्य उपकरण छैन । अब त्यसको व्यवस्थापनमा लाग्छौं।”

राष्ट्रिय प्रकृति संरक्षण कोष शुक्लाफाँटाले वनजन्तु उद्धार केन्द्र निर्माणका लागि प्रक्रिया अगाडि बढाएको जनाएको छ । विभिन्न कारणले बिरामी भएका तथा नियन्त्रणमा लिएर केही समय निगरानीमा राख्नुपर्ने जनावरलाई राख्नका लागि उद्धार केन्द्र निर्माणकार्य अगाडि बढाइएको कोषका कार्यक्रम प्रमुख लक्ष्मी जोशीले बताउनुभयो । “शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको अर्जुनी फाँटामा उद्धार केन्द्र निर्माणको काम अघि बढेको छ”, उहाँले भन्नुभयो, “यसैगरी डार्ट गर्ने प्राविधिक जनशक्ति भए पनि उपकरण नहुँदा समस्या भएको छ, अब चाँडै त्यो उपकरण पनि उपलब्ध हुन्छ।”

# अलैँचीका बोट मासिँदै, मूल्य वृद्धि हुँदै

मङ्गलबारे । जिल्लामा पछिल्लो समय अलैँचीको मूल्य वृद्धि भए पनि बोट मासिँदै जान थालेका छन् । अलैँचीलाई फागुन-चैतमा पानी आवश्यक पर्नेमा समयमा वर्षा नहुँदा बोट मासिँदै जान थालेका हुन्।

गत वर्ष प्रतिमन (४० किलो) रु ८० हजारमा बिक्री भएको अलैँची यस वर्षको सुरुमा रु ८५ हजार प्रतिमन खरिदबिक्री भइरहेको छ। यस वर्ष अलैँचीको मूल्य बढे पनि उत्पादन घटेको किसान बताउँछन् । समयमा पानी नपरेकाले अलैँचीका बिरुवा मासिनाका साथै उत्पादनमा कमी आएको किसान हरि पोखेलले बताउनुभयो।

“अलैँचीलाई फागुन-चैतमा पानी आवश्यक पर्छ । त्यो समयमा पानी नपरेकाले बोट मासिएका छन् । पानी नपरेपछि पुराना उत्पादन दिने कतिपय स्थानका बोटसमेत मरेका छन्”, उहाँले भन्नुभयो। यसअघि प्रशस्त उत्पादन दिएका बोट यस वर्ष सुक्खाका कारण मरेका उहाँले बताउनुभयो।

मूल्य बढी भएकै कारण अलैँचीलाई खोल्सीको कालो सुन भन्ने गरिन्छ । अलैँची टिप्ने ‘सिजन’ सुरु हुनै लाग्दा मूल्य राम्रो हुँदा किसान खुसी भए पनि उत्पादन घट्ने चिन्ता लागेको किसानको भनाइ छ।

समयमा पानी नपरेको, जुर्जुरे,



स्याङ्लेलगायत रोगको सङ्क्रमणले बोट मासिँदै गएका अलैँची व्यवसायी महासङ्घले जनाएको छ।

सुक्खायाम भएकाले अलैँचीका बोट सुक्दै गएर अहिले मासिन थालेका किसान बताउँछन्। मूल्य बढेपछि अहिले जिल्लाका विभिन्न स्थानमा नयाँ बिरुवा लगाउने काम भइरहेको महासङ्घले जनाएको छ । अलैँची विकास केन्द्र फिक्कलले बिरुवा उत्पादन गरी प्रतिबिरुवा रु पाँचका दरले बिक्री भइरहेको जनाएको छ। किसानले उत्पादन गरेका बिरुवा प्रतिगोटा रु १० मा बिक्री हुँदै आएको छ।

किसान पोखेलका अनुसार अलैँची लगाएको तीन वर्षदेखि उत्पादन सुरु हुन्छ । जिल्लामा रामसाई, गोल्साई, चिबे, सलकपुर, भार्लाङलगायत स्थानमा अलैँचीखेती हुन्छ । सलकपुर जातको अलैँची चाँडो र बढी उत्पादन हुने भएकाले धेरैको रोजाइमा पर्ने गरेको उहाँले बताउनुभयो । “अन्य जातका बिरुवा बढी समयसम्म टिक्ने हुन्छन् । सलकपुरको टिकाउ भने कम हुन्छ”, उहाँले भन्नुभयो।

वर्षामा सलकपुरको बिरुवा लगाइन्छ। अलैँचीको दलबाट र झाङ फुटाएर बिरुवा उत्पादन गरिन्छ। झाङ फुटाएर लगाइएको बिरुवाले दुई वर्षदेखि उत्पादन दिन्छ भने दलबाट लगाएको बिरुवाले चार वर्षदेखि उत्पादन दिन थाल्छ। नेपालको पूर्वी पहाडी क्षेत्र अलैँची उत्पादन गर्न उपयुक्त मानिन्छ। इलामसहित स¤ुवासभा, पाँचथर, धनकुटा र भोजपुर अलैँची उत्पादनका लागि उर्भर भूमि मानिन्छ। अलैँची ४३ जिल्लाका १८ हजार पाँच सय हेक्टरमा खेती गरिएकामा यसको क्षेत्र विस्तार गरेर ५३ जिल्लामा पुर्‍याइएको अलैँची व्यवसायी महासङ्घले जनाएको छ।

नेपालका लागि अलैँचीको मुख्य बजार भारत हो। यसको खपत भारत, पाकिस्तान, बङ्गलादेशका साथै युरोपियन देशहरुमा हुने गरेको महासङ्घको भनाइ छ । हाल रु ८५ हजार प्रतिमनमा अलैँची खरिदबिक्री भइरहेको इलाम बजारका अलैँची व्यापारी प्रकाश अग्रवालले बताउनुभयो । यस वर्ष अलैँचीको मूल्य बढेर रु एक लाख नाघ्ने अनुमान गरिएको उहाँको भनाइ छ।

पूर्वी क्षेत्रमा उत्पादन भएको अलैँची झापाको कांकरभित्ता हुँदै बाहिर निकासा हुने गरेको छ । भन्सार विभागका अनुसार गत आर्थिक वर्ष ५० लाख १८ हजार तीन सय ३५ किलो अलैँची निर्यात हुँदा रु सात अर्ब ९४ करोड नौ लाख ६४ हजार बराबरको करोबार भएको थियो । आव २०७९/८० मा रु आठ अर्ब २७ करोड ६८ लाख बराबरको ९९ लाख ९१ हजार एक सय ४९ किलो अलैँची निर्यात गरेको थियो ।रासस

# एकवर्षमा एक सय ४० व्यावसायिक फर्म कारबाहीमा

नेपालगन्ज। वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण कार्यालय नेपालगन्जले गत आर्थिक वर्षमा एक सय ४० व्यावसायिक फर्मलाई कारबाही गरेको छ। कारबाहीबापत् रु ३२ लाख ९५ हजार राजस्व सङ्कलन गरेको छ।

नेपालगन्जका खरिदार सुरेशराज पौडेलले जानकारी दिनुभयो।

आर्थिक वर्ष २०८०/८१ मा छ सय २८ फर्मको अनुगमन गर्दा एक सय ४० मा कैफियत भेटिएपछि त्यस्ता फर्मलाई जरिवाना गरिएको हो। तत्कालीन




बील, बीजक नभएको, मूल्यसूची नराखेको, तौल कम भएको, गुणस्तर कायम नभएकोलगायतका कारण ती फर्महरुलाई न्यूनतम् रु पाँच हजारदेखि अधिकतम् रु दुई लाखसम्म जरिवाना गरिएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण कार्यालय मध्यपश्चिमका १६ जिल्ला कार्यक्षेत्र रहेको वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण कार्यालयले गत आवमा अनुगमन गर्दा तीन सय ४९ फर्म सामान्य अवस्थामा रहेको देखिएको थियो। सामान्य कैफियत देखिएका एक सय ३९ फर्मलाई तत्कालै सुधार गर्न निर्देशन दिइएको थियो।रासस

# ‘लगानीकर्ताको हित संरक्षण गर्न सेबोन प्रतिबद्ध छ’

काठमाण्डु । नेपाल धितोपत्र बोर्ड (सेबोन)का कार्यकारी निर्देशक नवराज अधिकारीले मुलुकको आर्थिक उन्नयनमा सघाउन पुँजी बजारको महत्त्वपूर्ण भूमिका हुने बताउँदै धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरूको हित संरक्षण गर्न आफू प्रतिबद्ध रहेको बताउनुभएको छ।

निम्ब एस क्यापिटल लिमिटेडको १२ वार्षिकोत्सवका अवसरमा बिहीबार साँझ यहाँ आयोजित कार्यक्रममा उहाँले धितोपत्रको निष्काशन, खरिद, बिक्री, वितरण तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिका कामलाई नियमित तथा व्यवस्थित गर्नका साथै वित्त व्यवस्थापन कम्पनीका समस्या समाधान गर्न सेबोन प्रतिबद्ध रहेको बताउनुभयो।

गत साता नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको मौद्रिक नीतिले पनि पुँजी बजारलाई गतिशील तुल्याउने नीति अङ्गीकार गरेको बताउँदै उहाँले संस्थागत शेयर धितो कर्जामा अधिकतम सीमा खारेज हुन सकारात्मक हो भन्नुभयो। संस्थागत शेयर धितो कर्जामा हाल कायम २० करोडको सीमा खारेज भएको छभने शेयर कर्जामा व्यक्तिलाई १५ करोडको सीमा तोकिएको छ। पूर्वमुख्यसचिव विमल कोइरालाले लगानीकर्तालाई लाभांश दिने, उनीहरूको विश्वास जित्ने, बजार विस्तार गर्नेतर्फ लाग्नुपर्ने सुझाव दिनुभयो । उहाँले धितोपत्र कारोबार प्रणालीलाई सुरक्षित र भरपर्दो बनाउनुपर्नेमा जोड दिनुभयो।

निम्ब एस क्यापिटलका अध्यक्ष सचिन टिवडेवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा आयोजक संस्थाका प्रमुख कार्यकारी अधिकृत शिवान्तबहादुर पाँडेले पूँजीबजारमा लगानी गर्ने मुख्य उद्देश्यले स्थापना भएका संस्थागत लगानीकर्ताहरू देशको आर्थिक विकासका निम्ति क्रियाशील रहेका बताउँदै धितोपत्र बजार स्वस्थ, पारदर्शी, भरपर्दो, प्रतिस्पर्धी एवं लगानीकर्तामैत्री बन्नुपर्ने विचार व्यक्त गर्नुभयो । देशको आर्थिक तथा सामाजिक विकासका लागि सार्वजनिक निष्काशनमार्फत पुँजी परिचालनलाई आफूले जोड दिएको बताउँदै उहाँले गुणस्तरीय वित्तीय सेवा प्रवाह गर्दै राष्ट्रको समृद्धिमा योगदान गर्नु आफू नेतृत्वको संस्थाको उद्देश्य हो भन्नुभयो।

छ जनाबाट प्रारम्भ गरिएको संस्थामा हाल एक सय ३० जना कार्यरत रहेका जानकारी दिँदै प्रमुख कार्यकारी अधिकृत पाँडेले दुईसयभन्दा अधिक लगानीकर्ता संलग्न कम्पनीको पुँजी दश अर्ब पुगेको बताउनुभयो । आफ्नो संस्थाले स्वच्छ ऊर्जा, सूचना प्रविधि, सेवा, उत्पादन, कृषि, शिक्षा, औषधि उत्पादन र घरजग्गा कारोबारमा लगानी गरेको जानकारी दिनुभयो।रासस


मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
प्रादेशिक आयोजना व्यवस्थापन इकाई
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

**मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८१।०४।१८

यस प्रोदशिक आयोजना व्यवस्थापन इकाईको लागि आ.व. ०८१।८२ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७९/०८० को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८०/०८१ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८०/०८१ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

तपसिल

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

### ठाकुर हत्या प्रकरण :

# आठ बुँदे सहमतिपछि आन्दोलन स्थगित



**टुडे समाचारदाता**

जनकपुरधाम । मिटर व्याज पीडित भोगेन्द्र ठाकुरलाई शहीद घोषणासहित जिल्ला प्रशासन कार्यालय धनुषासंग आठ बुँदे सहमति भएपछि आन्दोलन स्थगित भएको छ ।

धनुषाको धनुषाधाम नगरपालिका-२ का मिटर व्याजी पीडित ठाकुरको हत्यामा संलग्न रहेका दोषीमाथि कारबाहीसहितका विषयलाई लिएर आन्दोलनरत्त मिटरब्याज पीडित संघर्ष समिति र जिल्ला प्रशासन कार्यालयबीच आठ बुँदे सहमति भएको छ ।

हत्यामा संलग्नको आरोप लागेका मिटरब्याजी शिवजीयादवलगायतकाव्यक्तिलाई पक्राउ गरी जाहेरी बमोजिम कारबाही, शहीद घोषणाका लागि गृह मन्त्रालयलाई अनुरोध गर्ने, मृतकका बालबालिकालाई निःशुल्क शिक्षा, मिटरब्याज सम्बन्धी उजुरी उपर सुनुवाइ गर्नेलगायतको सहमति भएको जनाइएको छ ।

ठाकुरकी श्रीमति श्यामुकुमारीलाई निःशुल्क उपचार र रोजगारीको व्यवस्था मिलाउने, किरिया खर्च दिने, नाबालक दुई छोरीको पालनपोषण एवं विश्वविद्यालयसम्मको निःशुल्क शिक्षाको लागि गृह मन्त्रालयमा अनुरोध गर्ने सहमति भएको छ ।

त्यस्तै मृतकको मिटरब्याज सम्बन्धी मुद्दामा कानुन बमोजिम छिटोछरितो समाधान गर्न गृह मन्त्रालयमा अनुरोध गर्ने, मृतकको परिवारलाई जग्गा भोगचलन गर्न शान्ति सुरक्षाको व्यवस्था मिलाउने र मृतकका विषयमा भएका आन्दोलनका कार्यक्रम स्थगित गर्ने सहमति भएको मिटरब्याज पीडित संघर्ष समितिका अध्यक्ष मनोज पासमानले बताए । गत सोमबार बिहान हत्या भएका ठाकुरको शवसहित मंगलबारदेखि मिटरब्याज पीडित संघर्ष समितिले आन्दोलन गरेको थियो ।

जिल्ला प्रशासन कार्यालय धनुषामा भएको सहमतिमा प्रमुख जिल्ला अधिकारी रामुराज कडरिया, मिटरव्याज पीडित संघर्ष समितिका केन्द्रीय अध्यक्ष मनोज पासमान, जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक रञ्जन अवालगायतले हस्ताक्षर गरेका छन् ।

# पेस्तोलसहित दुई जना पक्राउ

**टुडे समाचारदाता**

सिरहा ।

सिरहाबाट पेस्तोलसहित दुई भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ। उनीहरुलाई सखुवा नन्कारकट्टी गाउँपालिका-५ मह्शवारीबाट बिहीबार उनीहरुलाई पक्राउ गरेको छ। उनीहरुको साथबाट एक थान पिपराही ग्राम पञ्चायत स्थित झझरी टोलका सुदेश्वर पासवानका छोरा १८ वर्षीय निरजकुमार पासवान र सोही ग्राम पञ्चायत अन्तर्गत बलानशेर टोलका श्रीप्रसाद साहका छोरा ३७ वर्षीय अरुण साह रहेका छन् । उनीहरुलाई



पेस्तोल बरामद भएको जिल्ला प्रहरी कार्यालय, सिरहाले जनाएको छ।

पक्राउ पर्नेमा भारत विहारको मधुवनी जिल्लाको नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको सिरहाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक रमेश पण्डितले बताए ।

# सूचनाको हकले सुशासनमा मद्दत मिल्छ : सभामुख मण्डल

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले सूचनाको हकले सुशासनमा मद्दत मिल्ने गरेको बताएका छन् ।

शुक्रबार लालगढमा राष्ट्रिय सूचना आयोगद्वारा आयोजित दुई दिने सुशासनका लागि सूचनाको हक विषयक मधेश प्रदेशस्तरीय गोष्ठीको उद्घाटन गर्दै उनले सूचनाको हकले लोकतान्त्रिक विधिलाई बलियो बनाउँदै सुशासनका लागि अह्म भूमिका निर्वाह गर्ने गरेको बताए।

सूचनाको हकको प्रयोगले सुशासन र पारदर्शिता कायम गर्न योगदान दिन सक्ने उल्लेख गर्दै यसले लोकतान्त्रिक विधिलाई बलियो बनाउने उनको भनाइ छ।

उनले सूचनाको हकको प्रयोगले मानिसलाई जिम्मेवारी पनि बनाउँछ बताउँदै



भने, "सूचनाले मानिसलाई जिम्मेवार बनाउँछ । जसले सूचना माग्छ त्यसलाई जिम्मेवार बनाउँछ । जसले सूचना दिन्छ उसलाई पनि जिम्मेवार बनाउँछ । त्यसकारण मेरो बुझाइमा हामीले जति सूचना प्राप्त गर्न सक्छौं त्यति धेरै सार्वजनिक निकायका काम पारदर्शी हुन्छ।"

राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले नागरिकको हकअधिकार सुनिश्चित गर्न, सार्वजनिक निकायलाई उत्तरदायी र जबाफदेही बनाउन र सुशासन कायम राख्न सूचनाको हकको महत्वपूर्ण भूमिका भएको बताए।

सूचनाको हकको प्रयोगबाट भएका विभिन्न राष्ट्रिय तथा अन्तर ाष्ट्रिय घटनाको प्रसङ्ग उल्लेख गर्दै उनले नेपालमा सूचनाको हकसम्बन्धी व्यवस्थाको कार्यान्वयनको अवस्था, आयोगमा प्राप्त निवेदन उजुरी, पुनरावेदनको स्थिति, सूचना प्रवाह र सुशासनका लागि भएका कार्यबारे जानकारी गराए।

# एघार करोडभन्दा बढीको तरकारी बिक्री

**टुडे समाचारदाता**

मलंगवा । भारी वर्षाबीच तरकारी खेतीमा अत्यधिक क्षति पुऱ्याए पनि सर्लाहीको लालबन्दी बजारबाट असारमा मात्रै ११ करोडभन्दा बढीको तरकारी बिक्री भएको छ।



स्थानीय किसानले तरकारी बिक्री गरेर मनग्य आर्जन गर्ने मुख्य थलो बनेको लालबन्दी तरकारी बजारबाट बर्षातको महिना असारमा समेत ११ करोड ५८ लाख ८९ हजार १७५ रुपैयाँको तरकारी बिक्री भएको छ।

किसानले लालबन्दी नगरपालिका-७ स्थित थोक तरकारी बजार डुमडुमेमा ल्याएर बिक्री गर्ने तरकारी व्यापारीले खरिद गरी छेउछाउका बजार मलंगवा, चन्द्रपुर, गौर, जनकपुरसहित काठमाडौं, हेटौंडा, सिन्धुली, कटारी साथै पहाडी जिल्ला सोलखुम्बुसम्मका बजारमा पुऱ्याएर बेच्ने गरेका छन्।

लालबन्दी बजारबाट असारमा सबैभन्दा धेरै परबर चार करोड १० लाख ५५ हजार रुपैयाँ बराबरको निकासी भएको छ । उत्पादनको मुख्य याम भएकाले सर्लाहीका किसानले अहिले परबर धमाधम फलाइरहेका छन्।

लालबन्दीबाट एक करोड ५१ लाख १९ हजार पाँच सय रुपैयाँ बराबरको भिन्डी बिक्री भएको छ । गोलभैंडा एक करोड २२ लाख नौ हजार चार सय रुपैयाँ बराबरको निकासी भएको छ । गोलभैंडा सर्लाहीको मुख्य उत्पादन छ । यहाँको बजारमा भारतीय गोलभैंडासमेत भित्रिने गरेको छ। कृषि थोक बजार व्यवस्थापन समितिका अनुसार असारमा लालबन्दीका किसानले बेचेको ७६ लाख ४० हजार रुपैयाँको बोडी र ४५ लाख ६२ हजार चार सय रुपैयाँको लौकासमेत अन्य मुख्य सहरमा निर्यात भएको छ।

'सिजन' भएकाले मनग्गे फलिरहेको भिँगनीबाट असारमा किसानले ५१ लाख ३७ हजार रुपैयाँ र काँक्रोबाट २८ लाख ७६ हजार १२५ रुपैयाँ कमाइ गरेका छन् । सर्लाहीमा लालबन्दी, हरिवन, ईश्वरपुर, बागमती, बरहथवा र चन्द्रनगरका किसानको मुख्य आम्दानीको स्रोत नै तरकारी हुने छ।

स्थानीय किसानले फलाएको तरकारी लालबन्दीस्थित थोक तरकारी बजारमा ल्याएर बिक्री गर्ने गरेका छन् । लालबन्दी बजारबाट जनकपुरधाम, महोत्तरीको बर्दीबास र गौशाला नगरपालिकाका किसानले समेत तरकारी ल्याएर बिक्री गर्ने गरेका छन्।

# सञ्चालकविरुद्ध वन कार्यालयले दिए मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम । अवैधरुपमा वन पैदावर गरेको अभियोगमा सःमिलका सञ्चालकविरुद्ध डिभिजन वन कार्यालय धनुषाले अदालतमा मुद्दा दायर गरेको छ।



धनुषाको धनुषाधाम नगरपालिका- ८ स्थित मुलाबारीमा रहेको नायक सःमिल तथा फर्निचर उद्योगका सञ्चालक चन्द्रकला देवी र उहाँको पति बालकिशोर नायकविरुद्ध मुद्दा दायर गरेको छ।

नायक सःमिल तथा फर्निचर उद्योगमबाट अवैध सालको काठ बरामद भएपछि त्यसका सञ्चालकविरुद्ध धनुषा जिल्ला अदालतमा मुद्दा दायर गरिएको बताए । चारनाथ सबडिभिजन वन कार्यालयबाट खटिएको गस्ती टोलीले सो सःमिलबाट १६१.७४ क्युफिट सालको काठ बरामद गरेको उनले जानकारी दिए।

उनले बताएअनुसार सःमिलबाट बरामद सालको काठ १६१ क्यूफिट छ। सो काठलाई गोलियामा परिणत गर्दा २२६ क्यूफिट हुन्छ। जसको मुख्य दुई लाख ८१ हजार ६४९ रुपिया मूल्य कायम गरिएको छ।

डिभिजन वन कार्यालय धनुषाले बरामद गरेको सो काठ जफत र कसुर बमोजिम सःमिलका सञ्चालकमाथि सजायको माग गरेको छ। वन कर्मचारीले २०८० कात्तिक ३० गते काठ बरामद गरेको थियो। काठ बरामद भएको झण्डै आठ महिनापछि मुद्दा दायर भएको छ। दायर मुद्दामा प्रतिवादी बनाइएका दुई जना फरार रहेको जनाइएको छ।

# स्कार्पियो गाडीसहित अवैध काठ बरामद

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा सालको अवैध काठ सहितको भारतीय नम्बरको स्कारपियो गाडीसहित इलाका प्रहरी कार्यालय चन्द्रिगाहपुरको गस्ती टोलीले बरामद गरेको छ।

विशेष सूचनाको आधारमा प्रहरी चेकजाँच गर्दा गाडीभित्र लुकाई छिपाई राखेको सालको ५ थान गोलिया बरामद गरेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले बताइन्।

बरामद गरिएको साढे २३ क्युफिट सालको काठ सहित गाडीको कुल १५ लाख, ५१ हजार,७०० रुपैयाँ



नायब उपरीक्षक राजकुमार राईको कमाण्डमा गएको टोलीले बिहीवार राति अढाई बजे चन्द्रपुर ६ बेलडि स्थितमा एच आर १४ सी ८६९७ नम्बरको स्कोरपियो गाडी माथि शंका लागि मूल्याङ्कन गरी आवश्यक कारवाहिको लागि शुक्रवार डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरमा दाखिला गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# मोतिहारी-बारा-अम्लेखगञ्ज पेट्रोलियम परियोजना

**टुडे समाचारदाता**

बारा । नेपाल-भारत सहयोगमा निर्माणाधीन मोतिहारी-बारा-अम्लेखगञ्ज पेट्रोलियम पाइप लाइन परियोजनाअन्तर्गत दोस्रो चरणको काम प्रायः पूरा भएको जनाइएको छ। नेपाल आयल निगमले उक्त परियोजनाको ९० प्रतिशत काम पूरा भएको जनाएको छ।

निगमको मधेश प्रदेश प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख विनितमणि उपाध्यायले जनाए अनुसार मोतिहारी-अमलेखगञ्ज पेटोलियम पाइप लाइन परियोजनाअन्तर्गत दोस्रो चरणको मुख्य ट्र्यांकी चार हजार एक किलोलिटर क्षमताका दुईवटा ट्यांकी निर्माण पूरा भएको तथा अन्य प्राविधिक काम दुई महिनाभित्र सम्पन्न गर्नेगरी द्रुतगतिमा भइरहेको छ।

पेट्रोलियम पदार्थको भण्डारणसँगै पाइप लाइन जडानकार्य पनि अन्तिम चरणमा पुगेको छ । परियोजनामा सरकारको एक अर्ब ५४ करोड रुपैयाँ तथा भारत सरकारको ६० करोड भारतीय रुपैयाँ लगानी रहेको उनले बताए।

# गायिका साहलाई उर्मिला र अधिकारर्मी चौधरीलाई वैध-प्रकाश पुरस्कार



**टुडे समाचारदाता**

राजविराज । यस वर्षको मैथिली लोकगीत गायनतर्फ सुनिता साह र अधिकारकर्मी तर्फ दिलीप चौधरी पुरस्कृत भएका छन्।

शुक्रवार मानवअधिकारकर्मी स्व.प्रकाश काफ्लेको ३२ औं स्मृति दिवसको अवसरमा यहाँ आयोजित कार्यक्रममा साह र चौधरीलाई पुरस्कृत गरिएको छ।

मैथिली लोकगायन क्षेत्रमा योगदान गरेवापत राजविराज- ३ की ३० वर्षीया साह र अधिकार क्षेत्रमा योगदान गरेवापत रुपनी गाउँपालिका- ६ का ५५ वर्षीय चौधरीलाई पुरस्कृत गरिएको पुरस्कार कोषका संस्थापक एवं प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झाले जानकारी दिए। सो कार्यक्रमा उच्च अदालत जनकपुर-राजविराज इजलासका मुख्यन्यायधिश वामदेव ज्ञावलीले गायिका साह र अधिकारकर्मी चौधरीलाई क्रमशः ५ औं मैथिली लोकगीत गायन पुरस्कार २०८१ र ९ औं वैद्य-प्रकाश मानवअधिकार पुरस्कार २०८१ प्रदान गरे।

२०७१ सालमा इन्सेकद्वारा ५० हजार रुपैयाँ राशी पुरस्कार भएको प्रकाश-वैद्य मानवअधिकार पुरस्कार प्राप्त गरेका झाले सोही रकम र आमा चन्द्रादेवी झाको सामाजिक सुरक्षा भत्ता वापतबाट प्राप्त हुने रकमबाट ५० हजार रुपैयाँ थप गरेर १ लाख रुपैयाँको पुरस्कार कोष स्थापना गरेका थिए।

सो कोषबाट प्रत्येक वर्ष दुवै पुरस्कार वितरण गर्दै आएको कोषका संस्थापक झाले बताए । इन्सेक सप्तरी प्रतिनिधि मनोहर पोखरेलद्वारा संचालित कार्यक्रममा मधेश प्रदेश आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, पूर्व निर्वाचन आयुक्त डा.अयोधि प्रसाद यादव, राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेशका प्रमुख बुद्धनारायण सहनी, इन्सेक मधेश प्रदेशका संयोजक राजु पासवान, पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देव, नागरिक समाज सप्तरीका अध्यक्ष थानसिंह भन्साली, बरखगणका गणपति रमेश पाण्डे, प्रहरी उपरिक्षक गजुसिद्धी बज्राचार्य लगायतले शुभकामना दिए।

# गृहिणीले सेनेटरी प्याड बनाउँदै

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको ग्रामीण भेग स्थित हरिपुर्वा नगरपालिका र पर्सा गाउँपालिकाका गृहिणीहरु सेनेटरी प्याड बनाउनमा जुटेकी छन्।

उनीहरु आफैँले सेनेटरी प्याड बनाउन जानेपछि खुसी भएकी छन्। उनीहरूले महिनावारीका सम्बन्धमा राम्रोसँग बुझ्ने अवसरसमेत पाएका छन् । हरिवनस्थित बागमती सेवा समाज नेपालले वर्ल्ड भिजनसँगको साझेदारीमा हरिपुर्वा र पर्सामा सञ्चालन गरेको 'बाल संरक्षण तथा समुदाय संलग्नता स्पोन्सरसिप परियोजना' अन्तर्गत घुम्टोभित्र सीमित तराई मूलका महिलालाई महिनावारी भएको समयमा प्रयोग गर्नयोग्य सेनेटरी प्याड बनाउन सिकाएको छ।



रूपान्तरण कक्षामा सहभागी बालबालिकाका आमालाई सहभागी गराई महिनावारी स्वच्छतासम्बन्धी अभिमुखीकरण प्रदान गर्दै प्याड बनाउन सिकाइएको छ । हरिपुर्वा नगरपालिका-१ की सुनिताकुमारी रजकले महिनावारी हुँदाको डर र लाज हराएर गएको बताइन्।

उनले महिनावारी भएका बेला यसअघि प्याडका रूपमा जस्तोसुकै कपडा प्रयोग गरे पनि अहिले आफैँलाई घरमै सफा र स्वच्छ सुतीको कपडा प्रयोग गरेर सेनेटरी प्याड बनाउन सिक्दा खुसी लागेको बताइन् । हरिपुर्वा नगरपालिका-२ की प्रमिलादेवी साह पनि यो उमेरमा आएर बल्ल महिनावारी र सेनेटरी प्याडबारे थाहा पाएकोमा खुसी छिन्।

हरिपुर्वा र पर्साका महिलालाई सामूहिक रूपमा भेला पारेर सेनेटरी प्याड बनाउन सिकाइएको छ । गृहिणी महिलालाई आफ्ना छोरीको उमेरका किशोरीले प्याड बनाउन सिकाएका छन् । बागमती सेवा समाज नेपालले किशोरी उमेरका 'रूपान्तरण लिडर' परिचालन गरेर घरमा नै सफा कपडाको प्रयोग गरेर गृहिणीलाई सेनेटरी प्याड बनाउन सिकाएको छ।

'रूपान्तरण लिडर' मनीषाकुमारी गाउँमा महिनावारी स्वच्छता कक्षा सञ्चालन गरी किशोरी तथा महिलालाई सेनेटरी प्याड बनाउन र प्रयोग गर्न सिकाइरहेको बताइन्।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८